# दबाबमा नागरिक समाज




सेन्टर फर मिडिया रिसर्च-नेपाल

# दबाबमा
# नागरिक समाज

सेन्टर फर मिडिया रिसर्च–नेपाल, काठमाडौँद्वारा प्रकाशित

Center *for*
Media Research
NEPAL

२०७९

# दबाबमा नागरिक समाज

लेखकः तिलक पाठक र लेखनाथ पाण्डे
प्रकाशित मिति : २०७९, कात्तिक
सेन्टर फर मिडिया रिसर्च–नेपाल, काठमाडौँ

Center *for* Media Research NEPAL

वेब : http:/research.butmedia.org
सामाजिक सञ्जाल : CMRNepal
इमेल : cmrnepal@butmedia.org

ISBN : 978-9937-1-3105-6
लेआउटः आवृति मिडिया
आवरण स्केच : देवेन

यो पुस्तक क्रियटिभ कमन्स CC BY 4.0 अन्तर्गत प्रकाशन गरिएको छ । यसका सामग्रीहरु स्रोत उल्लेख गरेर र मूल मर्म फरक नपर्ने गरी पुनः प्रकाशन गर्न पाइन्छ ।

# हाम्रो भनाइ

नागरिक अधिकारलाई लोकतान्त्रिक शासन पद्धतिको मापन गर्ने एउटा कडीका रूपमा लिइन्छ । जुन ठाउँमा संविधान र नियम कानुनद्वारा नै नागरिक अधिकार प्रत्याभूत गरिन्छ र त्यसको कार्यान्वयन हुन्छ, त्यहाँ लोकतान्त्रिक मूल्य/मान्यताहरू संस्थागत हुँदै जान्छन् । देशको मूल कानुन संविधानमा नागरिक स्वतन्त्रताको कुरा गरेर मात्र हुँदैन, व्यावहारिकरूपमै यसको अभ्यास हुन जरूरी छ । नागरिक स्वतन्त्रतासम्बन्धी अभ्यासका क्रममा जब उत्तरदायित्व र जवाफदेहिताको विषयमा प्रश्न उठ्न थाल्छ, नागरिकका अधिकार पनि खुम्चिँदै जान्छन् ।

नेपालको सन्दर्भमा २००७ सालमा राणा शासन अन्त्य भई बहुदलीय व्यवस्था आएपछि नागरिक अधिकार र नागरिक सङ्घ/संस्थाको प्रादुर्भाव हुने वातावरण बने पनि त्यसले निरन्तरता पाएन । २०१७ सालमा राजा महेन्द्रले बहुदलीय व्यवस्था समाप्त गरी निरङ्कुश पञ्चायती व्यवस्था सुरू गरेपछि विचार तथा अभिव्यक्तिका साथै प्रेस स्वतन्त्रता सम्बर्द्धन हुन सकेन । बहुदलीय व्यवस्था पुनर्बहालीपछि जारी भएको २०४७ सालको संविधानमा विचार, अभिव्यक्ति, प्रकाशन, सङ्गठन, शान्तिपूर्ण विरोधका साथै कानुनी शासन तथा अधिकारको व्यवस्था गरियो । तर ती अधिकार अभ्यासका क्रममा मुलुकको राजनीतिक परिस्थितिअनुसार कुनैबेला विस्तार भए भने कुनै बेला खुम्चिए ।

२०६२/०६३ सालको जनआन्दोलनको उपलब्धिस्वरूप २०७२ सालमा संविधान सभाले जारी गरेको नेपालको संविधानमा नागरिकका अधिकारहरू सुनिश्चित गरिएको छ । संविधानको धारा १२ मा नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ/संस्था खोल्ने स्वतन्त्रतालगायतका विषय उल्लेख छ । २०७४ सालमा सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन भएपछि मुलुक सङ्घीयतामा प्रवेश गरेको हो । त्यसपछि तीनवटै तहमा नागरिकका अधिकारसम्बन्धी नियम/कानुन बनाउन थालियो । तीनै तहमा नागरिकका अधिकारसम्बन्धी के/कस्ता नियम/कानुन बने, के/कस्ता कानुन बनाउने प्रयास भए/गरिए र यी नियम/कानुनमा के/कस्ता कमी/कमजोरी एवं समस्या छन् भन्ने विषयलाई केलाउँदै यो पुस्तक तयार गरिएको हो ।

अन्त्यमा, पुस्तकका लेखकहरूका साथै तयारीका क्रममा सहयोग पुऱ्याउनुहुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

तृष्णा आचार्य
अध्यक्ष
सेन्टर फर मिडिया रिसर्च–नेपाल

# विषयसूची

**सिभिक स्पेससम्बन्धी अवधारणा** १
सिभिक स्पेसका अन्तर्राष्ट्रिय सिद्धान्त तथा मापदण्ड ३
अन्तर्राष्ट्रिय कानुनी प्रबन्ध र अभ्यास ६
**नेपालमा सिभिक स्पेससम्बन्धी दृष्टिकोण** ७
सिभिक स्पेसप्रतिको धारणा ८
सिभिक स्पेसप्रतिको जनविश्वास १०
सिभिक स्पेससम्बन्धी व्यवस्था १२
कानुनी तथा नीतिगत प्रबन्ध १३
**सङ्घमा सिभिक स्पेससम्बन्धी नीतिगत प्रबन्ध** १५
सङ्घमा नीतिगत प्रबन्ध १६
**प्रादेशिक तहमा सिभिक स्पेससम्बन्धी नीतिगत प्रबन्ध** २६
प्रस्तावना नै नियन्त्रणमुखी २८
दर्ता भएका संस्थालाई झन्झटिलो प्रावधान २९
दर्तामा तजविजी अधिकार ३१
स्वीकृति लिनुपर्ने ३३
सरकारी निर्देशन मान्नुपर्ने बाध्यता ३६
कर्मचारीको नियन्त्रण ३८
सम्पत्ति विवरण बुझाउनुपर्ने झन्झट ४०
दण्ड सजायमा कडाइ ४१
**स्थानीय तहमा नागरिक संस्थासँग सम्बन्धित नीतिगत प्रबन्ध** ४५
**निष्कर्ष र सुझाव** ५०
**सन्दर्भ सामग्री** ५४

# सिभिक स्पेससम्बन्धी अवधारणा

सिभिक स्पेस वा नागरिक स्पेस के हो वा होइन भन्नेबारे साझा धारणा छैन । तर यो व्यक्तिको स्वतन्त्रता र मौलिक अधिकारसँग सम्बन्धित रहेकामा कसैको विमति रहेको पाइँदैन ।[१] सिभिकस नामक संस्थाले सिभिक स्पेसलाई यसरी परिभाषित गरेको छ– 'सिभिक स्पेस त्यस्तो भौतिक, भर्चुअल वा कानुनी स्पेस हो जहाँ मानिसले आफ्नो सङ्गठित हुन पाउने, विचार अभिव्यक्त गर्न पाउने र शान्तिपूर्ण भेला हुन पाउने अधिकारहरु अभ्यास गर्ने गर्छन् ।'[२] केउटजेन र डोड्सवर्थ (२०२१) का अनुसार सिभिक स्पेस त्यस्तो वातावरण हो जहाँ नागरिक समाज र व्यक्तिहरुलाई सङ्गठित हुन, विनाभेदभाव र स्वतन्त्ररुपमा सहभागी हुन तथा संवाद गर्न वातावरण प्राप्त हुन्छ अनि यसमार्फत तिनले आफू र वरपरका राजनीतिक तथा सामाजिक संरचनालाई प्रभावित पार्दछन् ।'[३]

मानिसले सङ्गठित भएर, सार्वजनिक सरोकारका विषयमा विचार अभिव्यक्त गरेर, भौतिक वा भर्चुअलरुपमा भेला भएर र सार्वजनिक नीति निर्माण कार्यमा प्रत्यक्ष सहभागी भएर आफ्नो र समाजले भोलिरहेका समस्याहरु समाधान गर्न भूमिका निर्वाह गर्छन् । स्वतन्त्र र सबल सिभिक स्पेस जवाफदेही, उत्तरदायी प्रजातान्त्रिक शासन पद्धति र स्थिर समाजका लागि महत्त्वपूर्ण कडी मानिन्छ ।[४] कुनै पनि समाजमा त्यहाँको सरकारले सिभिक स्पेसका लागि नीतिगत तथा कानुनी प्रबन्ध गरेको हुन्छ । सोही नीति तथा कानुनी प्रबन्धका आधारमा समाजमा नागरिकले कस्ता विषयमा धारणा राख्न पाउँछन्, कसरी सङ्गठित र शान्तिपूर्ण भेला हुन सक्छन्, कस्ता विषयमा प्रश्न उठाउन सक्छन्, अनि आफू र आफूसँग सरोकार भएका मुद्दामा अधिकारीहरुलाई कसरी जवाफदेही बनाउन सक्छन् भन्ने विषय निर्धारण हुन्छ ।[५] सिभिक स्पेसलाई खुला र प्रजातान्त्रिक समाजको आधारशीला मानिन्छ । सिद्धान्ततः प्रजातान्त्रिक मुलुकमा नागरिकका यस्ता अधिकारहरु मौलिक हकका रुपमा सुरक्षित गरिएको मात्र हुँदैन, त्यसको संरक्षण र प्रबर्द्धनका लागि राज्य नै लागिपरेको हुन्छ ।

१ Pandey, 2021
२ CIVICUS
३ Keutgen & Dodsworth, 2021
४ CIVICUS
५ Pandey, 2021

## सिभिक स्पेसका अन्तर्राष्ट्रिय सिद्धान्त तथा मापदण्ड

सिभिक स्पेस त्यस्तो मञ्च हो जहाँ नागरिक र समूहहरूले भौतिक वा भर्चुअलरूपमा निजी र सार्वजनिक सरोकारका विषयमा स्वतन्त्र र शान्तिपूर्णरूपमा विचार राख्न,

भेला हुन वा सरोकारवालासँग प्रश्न गर्न सक्छन् । साथै, तिनले आफ्नो हक अधिकार कायम गर्न वा कार्यान्वयन गर्न/गराउन भूमिका खेल्छन् । सिभिक स्पेसका सम्बन्धमा विशिष्ट र छुट्टै अन्तर्राष्ट्रिय कानुन भएको पाइँदैन । यसका लागि विश्वव्यापीरूपमा केही सिद्धान्त, मान्यता, मापदण्ड तय गरिएका छन् । ती मान्यता, मापदण्ड र सिद्धान्त विभिन्न अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, कानुन तथा दस्तावेजहरूमा लिपिबद्ध छन् । उदाहरणका लागि संयुक्त राष्ट्र सङ्घको मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारसँग सम्बन्धित अन्य सन्धि, अभिसन्धि आदिमा यी विषय उल्लिखित छन् । कतिपय प्रजातान्त्रिक मुलुकमा नागरिक अधिकार र सिभिक स्पेसका सवालमा अभ्यासमा ल्याइएका राम्रा कामले पनि अन्तर्राष्ट्रिय मान्यता राख्छन् ।

ती अन्तर्राष्ट्रिय कानुनी प्रबन्धहरूले सिभिक स्पेस र यसका प्रक्रियासँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरोकार राख्छन् । अनि सिभिक स्पेस, नागरिक समाज र त्यसले खेल्ने सामाजिक न्याय र सार्वजनिक हितका भूमिकाका लागि कानुनी तथा सैद्धान्तिक आधार प्रदान गरेका छन् । यस सन्दर्भमा एउटा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ हो । उक्त घोषणापत्रको धारा (२) मा जात, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीति वा आस्था, राष्ट्रियता, सामाजिक पृष्ठभूमि, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा कसैलाई विभेद गर्न नपाइने उल्लेख छ । घोषणापत्रको धारा १९ मा सबै मानिसमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता हुने र प्रत्येक मानिसले कुनै दवावबिना आफ्नो विचार राख्न पाउने तथा कुनै पनि सूचना र विचार खोज्न, लिन र दिन पाउने अधिकार सुनिश्चित गरिएको छ ।

त्यस्तै, नागरिक तथा राजनीतिक अधिकारका लागि अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ (आइसिसिपिआर) ले प्रत्येक व्यक्तिलाई अरूसरह आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार हुने व्यवस्था सुनिश्चित गरेको छ । उक्त अभिसन्धिको प्रथम अतिरिक्त प्रोटोकलले प्रत्येक व्यक्तिलाई सङ्घ/संस्था खोल्ने तथा त्यसमा सम्मिलित हुने अधिकार प्रत्याभूत गरेको छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयद्वारा मानव अधिकारको ३२औँ सत्रमा प्रस्तुत प्रतिवेदनमा शासकीय प्रणालीमा जवाफदेहिता, पारदर्शिता र सहभागिता अभिवृद्धि तथा सुनिश्चित गर्न सिभिक स्पेस र नागरिक संस्थाको उल्लेख्य भूमिका रहने उल्लेख छ । मानव

अधिकार रक्षकहरूसम्बन्धी घोषणापत्र, १९९८ ले पनि मानव अधिकार रक्षकहरूको स्वतन्त्रता सुनिश्चित गर्नु र सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हुने व्यवस्था गरेको छ ।[६]

आदिवासी/जनजातिहरूको अधिकारसम्बन्धी अभिसन्धि (ILO Convention, 169) ले आदिवासी/जनजाति र सीमान्तकृत नागरिकको अधिकार सुनिश्चित गर्नुका साथै उनीहरूको विकासमा उनीहरु आफैँ सहभागी हुन पाउने व्यवस्था गरेको छ । यसले उनीहरूप्रति समान व्यवहार हुनुपर्ने र राज्यका निकायहरूमा उनीहरूको पहुँच स्थापित गर्ने कुरा सुनिश्चित गर्छ । यस्तै, पेरिस सिद्धान्तले गैरसरकारी संस्था तथा पेसागत सङ्घ/संस्थाका प्रतिनिधिहरूको राज्यका विभिन्न संरचना तथा स्थानमा सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ । भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय महासन्धिको धारा १३ मा भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा नागरिक संस्थाको सहभागिताबारे उल्लेख छ । जसको उपधारा १ (क) मा भ्रष्टाचार नियन्त्रण तथा सुशासन अभिवृद्धि गर्नका लागि निर्णय प्रक्रियाहरूमा पारदर्शिता र सर्वसाधारण नागरिकको सहभागिता अभिवृद्धि गर्ने कार्यलाई बढावा दिनुपर्ने उल्लेख छ । यसले शासनमा नागरिक सहभागिताको कल्पना गरेको देखिन्छ ।[७]

नेपाल माथि उल्लिखितसहित मानव अधिकार, नागरिक अधिकार, सांस्कृतिक अधिकार, बाल अधिकार, मजदूरका अधिकार, महिलाका अधिकार, आदिवासी/जनजातिका अधिकारसहित १० वटा अन्तर्राष्ट्रिय कानुनी दस्ताबेजको पक्ष राष्ट्र हो ।[८] तीमध्ये मानव अधिकार, सामाजिक न्याय र सुशासनसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी तथा नीतिगत प्रावधानहरु सिभिक स्पेसका लागि मार्गदर्शन छन् । नेपाल पक्ष राष्ट्र नरहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता पनि सिभिक स्पेसका लागि मार्गदर्शक बन्न सक्छन् । उदाहरणका लागि नेपाल रोम विधानको पक्ष राष्ट्र होइन तर यहाँ हुने जघन्य अपराधसम्बन्धी मुद्दा स्वदेशमा किनारा लाग्ने अवस्था नहुँदा अन्तर्राष्ट्रिय फौजदारी अदालतमार्फत किनारा लगाउन नेपालले रोम विधान अनुमोदन गर्नुपर्ने आवाज मानव अधिकारवादीहरूले उठाउँदै आएका छन् । नेपाल पक्ष राष्ट्र बनेका वा अनुमोदन गरेका केही सान्दर्भिक अन्तर्राष्ट्रिय कानुन तथा नीतिहरूका लागि अनुसूची १ हेर्नु होला ।

सङ्क्षेपमा ती अन्तर्राष्ट्रिय कानुनी प्रबन्धहरूले सिभिक स्पेस र नागरिक सहभागिताका सम्बन्धमा मूलतः निम्न ३ सिद्धान्त तथा मापदण्ड तय गरेको पाइन्छ :

---

६ Ibid

७ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७५

८ पाण्डे, २०७७

## १. सार्वजनिक सरोकारका मुद्दामा सहभागिताको अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१, आइसिसिपिआरको धारा २५ लगायत विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानुनी प्रबन्धहरूले

मानिसलाई आफ्नो र सार्वजनिक हित र सरोकारका मामिलामा स्वतन्त्र, सक्रिय र अर्थपूर्णरूपमा सहभागी हुन पाउने व्यवस्था सुनिश्चित गरेको छ । यो सिभिक स्पेसको अवधारणासँग सम्बन्धित अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्णरूपमा भेला हुन पाउने तथा सङ्घ/संस्था खोल्न पाउने स्वतन्त्रतासँग पनि अन्तरसम्बन्धित छ ।

## २. सङ्गठित र शान्तिपूर्णरूपमा भेला हुन पाउने अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २०, आइसिसिपिआरको धारा २२ तथा अन्य कतिपय अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि–सम्झौता र अनुबन्धले मानिसको सङ्गठित हुन पाउने र शान्तिपूर्णरूपमा भेला भएर निजी र सार्वजनिक हित तथा चासोका विषयमा बहस, छलफल, पैरवी र अभियान चलाउन पाउने अधिकार सुनिश्चित गरेको छ । यसले कुनै व्यक्ति वा समूह वा समुदायको अधिकारको रक्षा, वकालत, प्रबर्द्धनलगायतका उद्देश्य प्राप्तिका लागि कानुनी संरक्षण प्रदान गरेको छ ।[९]

## ३. विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्र र आइसिसिपिआर दुवै दस्ताबेजको धारा १९ ले मानिसको विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गरेको छ । सिभिक स्पेसको सम्बन्धमा एउटा आधारशीला मानिने विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई अन्य थुप्रै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय दस्ताबेजहरूमा पनि समेटिएको पाइन्छ । यस्ता प्रबन्धले सिभिक स्पेस र नागरिक सहभागिताका लागि कानुनी तथा सैद्धान्तिक आधार तय गरेको छ ।

---

९ ICNL, 2021

यसका अतिरिक्त सिभिक स्पेससँग सम्बन्धित अन्य मान्यता छन् जसमा बाँच्न पाउने अधिकार, स्वतन्त्रता र सुरक्षासम्बन्धी अधिकार, समानता र विनाभेदभावको अधिकार, चिन्तन, विवेक तथा आस्था प्रकट गर्न पाउने अधिकार, गोपनीयताको अधिकार, व्यक्तिगत सूचना गोप्य राख्न पाउने अधिकारलगायत पर्छन् ।

## अन्तर्राष्ट्रिय कानुनी प्रबन्ध र अभ्यास

केही प्रजातान्त्रिक मुलुकको कानुनी प्रबन्ध तथा अभ्यास सिभिक स्पेसका सवालमा सान्दर्भिक र अनुकरणीय पाइन्छ । ती विभिन्न मुलुकमा सिभिक स्पेससम्बन्धी बहस, नीति निर्माण र अभ्यासका लागि मार्गदर्शक बन्ने गरेका छन् । बेलायतले सर्वप्रथम सन् १२१५ मा 'म्याग्ना कार्टा' घोषणा गरेको थियो । कानुनी शासनका लागि आधारस्तम्भ मानिने उक्त म्याग्ना कार्टाको दफा ३९ मा भनिएको छ– 'कानुनबमोजिमबाहेक कुनै पनि स्वतन्त्र व्यक्तिलाई कब्जा वा कारागारमा राखिने छैन वा उसको अधिकारबाट विमुख गरिने छैन वा गैरकानुनी वा निर्वासित गरिने छैन वा उसलाई अधिकारबाट वञ्चित गरिने छैन, न त उक्त व्यक्तिविरूद्ध जोरजबर्जस्ती गरिनेछ न अरूलाई त्यस्तो गर्न दिइनेछ ।' त्यस्तै दफा ४० मा प्रत्येक नागरिकको अधिकार र न्याय पाउने अधिकार नखोसिने सुनिश्चित गरिएको छ ।

अमेरिकी स्वतन्त्रता घोषणापत्र १७७६ ले प्रत्येक मानिस समान र तिनमा जन्मबाटै खोस्न नसकिने केही अधिकारहरू निहित भएको उल्लेख छ । ती अधिकारमा जीवन, स्वतन्त्रता र सुखको खोजी हुन् । अमेरिकाकै 'बिल अफ राइट्' अधिनियमले नागरिकका मौलिक हकको व्यवस्था गरेको छ । अमेरिकी संविधानको प्रथम १० संशोधनका रूपमा चिनिने उक्त बिल अफ राइट्मध्येको प्रथम संशोधनले प्रत्येक मानिसलाई धर्म, भाषण, प्रकाशन तथा सभा गर्ने स्वतन्त्रता सुनिश्चित गरेको छ । त्यस्तै, फ्रान्सेली राज्यक्रान्तिका दौरान सन् १७८९ मा जारी गरिएको मानव तथा नागरिकको अधिकारसम्बन्धी घोषणापत्रको पहिलो धारामा मानिस जन्मदेखि नै स्वतन्त्र र समान हुने र त्यो स्वतन्त्रता र समानता सधैँ कायम रहने उल्लेख छ । घोषणापत्रको धारा २ मा भनिएको छ– 'कुनै पनि राजनीतिक सङ्गठनको उद्देश्य मानिसको नैसर्गिक र अभेद्य अधिकारहरूको संरक्षणका लागि हुन्छ । त्यस्ता अधिकारमा स्वतन्त्रता, सम्पत्ति, सुरक्षा र दमनविरूद्धको प्रतिरोध गर्ने अधिकारहरू पर्छन् ।' बेलायत, अमेरिका वा फ्रान्स जस्ता पुराना प्रजातान्त्रिक मुलुकका यस्ता घोषणा, कानुनी प्रबन्ध र प्रचलन अन्य कैयौँ देश तथा सन्धि, सम्झौता र कानुन निर्माणका लागि मार्गदर्शक बन्दै आएका छन् ।

# नेपालमा सिभिक स्पेससम्बन्धी दृष्टिकोण

## सिभिक स्पेसप्रतिको धारणा

सिद्धान्ततः सिभिक स्पेसले नागरिक र राज्यका बीचमा पुलको भूमिका खेल्छ । जीवन्त लोकतन्त्रमा नागरिक समाज समूहले कानुन, विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्छ । नागरिक समाजको जिम्मेवारीमध्ये एउटा महत्त्वपूर्ण भूमिका राज्यका काम/कारबाहीमाथि चासो र रखबारी गर्नु हो । यसमा अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको अधिकार, शान्तिपूर्ण सभा/सम्मेलनको अधिकार, सङ्गठित हुने अधिकारका साथै सुशासनको पक्षमा पैरवी आदि पर्छन् । नेपालको परिवेशमा सिभिक स्पेस, नागरिक सक्रियता र साझेदारी सम्बन्धमा लामो परम्परा पाइन्छ । तर सिभिक स्पेस, त्यसका सहभागी र गतिविधिबारे साझा र समान धारणा भने छैन ।

सिभिक स्पेसको आधुनिक स्वरूप र बुझाइचाहिँ मूलतः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थालगायत नागरिक संस्थाहरूको भूमिका र गतिविधिसँग निकै हदसम्म जोडेर हेर्ने गरिएको पाइन्छ । राणा शासनको अन्त्यसँगै सिभिक स्पेस र नागरिक सङ्घ/संस्थाको प्रादुर्भाव भए पनि यसको विकास र विस्तार भने २०४६ मा प्रजातन्त्र पुनर्स्थापनापछि खुला र प्रजातान्त्रिक परिवेशमा भयो । निर्दलीय पञ्चायतकालमा खुला राजनीतिक वातावरण थिएन । राजनीतिक सङ्घ सङ्गठनहरू प्रतिबन्धित थिए भने सङ्घ/संस्था खोल्न सहज थिएन । विचार, अभिव्यक्ति, प्रकाशन आदि स्वतन्त्रता थिएन जसले गर्दा सिभिक स्पेस निकै सङ्कुचित थियो, सङ्घ/संस्था पनि निकै सीमित सङ्ख्यामा थिए ।[१०]

२०४७ सालमा नयाँ संविधान जारी भएपछि राजनीतिक परिवर्तनलाई आत्मसात गर्दै विचार, अभिव्यक्ति, प्रकाशन, सङ्गठन, शान्तिपूर्ण विरोधका साथै कानुनी शासन तथा अधिकारका लागि वातावरण बन्यो । साथै नेपाल आइसिसिपीआरसहित कतिपय मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अधिनियम, सन्धि, सम्झौताहरूको पक्ष राष्ट्र बन्न पुग्यो । ती नीतिगत व्यवस्था तथा कानुनी प्रबन्धसँगको आबद्धताले नेपालमा सिभिक स्पेससम्बन्धी नीति निर्माण, विकास र बिस्तारका लागि बलियो आधार दिएको छ ।

सिभिक स्पेससम्बन्धी अवधारणा, उद्देश्य, भूमिका तथा यसमा संलग्न व्यक्तिहरूका विषयमा भने मतैक्य छैन, फरक–फरक दृष्टिकोण र बुझाइ छ । एउटा दृष्टिकोण के रहँदै आएको छ भने सिभिक स्पेस र विशेषगरी नागरिक समाजका रूपमा लिइने गैरसरकारी सङ्घ/संस्थाले नेपालको प्रजातान्त्रिकीकरण र सामाजिक विकासमा उल्लेखनीय योगदान पुर्‍याएका छन् । तिनले सामुदायिक विकास, मानव

---

१० Upreti, 2011

अधिकारको प्रतिरक्षा, सार्वजनिक सेवा प्रवाह र बृहत्तर अर्थसामाजिक रूपान्तरणका लागि एउटा वैकल्पिक विकास मोडेलका रूपमा कार्य गरेका छन् ।[११] अर्को धारणा के पाइन्छ भने गैरसरकारी संस्था र तिनका भूमिकालाई नै सिभिक स्पेस ठान्ने र नागरिक समाजका रूपमा बुझ्ने चलन छ । यस्तो अवधारणाले गैरसरकारी सङ्घ/संस्थाहरूले जे/जस्ता कार्य गर्दै आएका छन्, त्यसको गाली र ताली पनि सिभिक स्पेस र विशेषगरी नागरिक अभियन्ताहरूले पाउँदै आएका छन् ।

नेपालको प्रजातान्त्रिक मूल्य/मान्यता, अभ्यास र प्रेस, अभिव्यक्ति तथा वैचारिक स्वतन्त्रता जस्ता पक्षहरूमा अनुगमन गर्दै आएका अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरूको बुझाइ र दृष्टिकोण पनि नेपालमा सिभिक स्पेस र नागरिक अभियानका हकमा एकसमान देखिन्न । कुनै संस्थाले एक समयमा सर्वेक्षण वा अनुगमन गर्दा गैरसरकारी संस्था, तिनका गतिविधि र त्यसप्रति प्रशासनको नीति नियम र व्यवहारलाई आधार मानेर सिभिक स्पेसको अवस्थाका रूपमा चित्रण गर्ने गरिएको पाइन्छ । कुनै समयमा भने त्यसलाई सिभिक स्पेसका रूपमा नहेरी गैरसरकारी सङ्घ/संस्था वा विकास साझेदारका रूपमा चित्रण गर्ने गरिएको हुन्छ ।

अर्को दृष्टिकोण अलि फराकिलो छ । यसअनुसार नागरिक अधिकारका लागि अभियान चलाउने र त्यसका लागि वकालत गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्था, मिडिया, पेसाकर्मी र समग्र सार्वजनिक वृत्तमा हुने छलफल र बहसलाई नै सिभिक स्पेसका रूपमा बुझ्ने गरिएको छ । सिभिक स्पेसमा नागरिक समाज र नागरिक संस्थाको भूमिका महत्त्वपूर्ण मानिन्छ । नागरिक समाज भन्नाले नाफा आर्जन गर्ने र शासन सत्ता सञ्चालन गर्ने लक्ष्य नभएको राज्य संरचना बाहिरका क्षेत्रलाई बुझिन्छ । नेपालमा सरकारको औपचारिक संरचनाभित्र नरहेको नागरिक समूह, सङ्घ/संस्था, महासङ्घ र सङ्गठनहरूलाई नागरिक समाजका रूपमा बुझ्ने गरिएको छ ।

त्यस्तै, गैरसरकारी संस्था, समुदायमा आधारित सङ्घ/संस्था, आदिवासी जनजाति सङ्गठन, प्राज्ञिक समुदाय, पत्रकार सङ्गठन, आस्थामा आधारित सङ्गठन, ट्रेड युनियन, श्रमिक सङ्गठन नागरिक समाजभित्रका औपचारिक तथा अनौपचारिक सङ्घ/संस्थालाई पनि सिभिक स्पेस र नागरिक संस्थाका रूपमा हेर्ने गरिएको छ ।[१२] कतिपयले नेपालमा विकास साझेदारका रूपमा सक्रिय गैरसरकारी संस्थाहरू, तिनले गर्दै आएका अधिकारमा आधारित पैरवी र सामाजिक रूपान्तरणका कार्यहरूलाई नै सिभिक स्पेस र नागरिक सक्रियता अभियान, आन्दोलन इत्यादि हो भन्ने गरेका छन् । तर खासमा सिभिक स्पेस यही हो र योचाहिँ होइन, तिनको भूमिका

११ Ibid

१२ UNDP, 2006

यतिसम्म हुन्छ, अनि राजनीतिक वा अन्य आबद्धता स्वीकार्य मानिन्छ वा गलत ठानिन्छ भन्नेमा कुनै नीतिगत वा व्यवहारतः स्पष्टता छैन । र यस्तै बुझाइमा पनि मतैक्य छैन । तसर्थ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस, पेसागत सङ्घ सङ्गठन, ट्रेड युनियन, मिडिया जगत्, राजनीतिक दलका भातृसङ्गठन र तिनका गतिविधिसमेतलाई एउटै बास्केटमा राखी समग्रमा सिभिक स्पेस र नागरिक समाजका रूपमा चित्रण गर्ने र बुझ्ने चलन छ । यसले ती संस्थाका सकारात्मक पक्षको साथै नकारात्मक र सिभिक स्पेसका दृष्टिले विरोधाभाषपूर्ण कार्यको दोष पनि यस क्षेत्रसँग जोडिएका व्यक्ति, समूह र सङ्घ/संस्थाले खेप्दै आएका छन् ।

## सिभिक स्पेसप्रतिको जनविश्वास

सिद्धान्ततः सिभिक स्पेस र नागरिक समाजका प्रतिनिधिहरू राजनीतिकरूपमा निरपेक्ष वा तटस्थ रहने भए पनि नेपालको सन्दर्भमा यो मान्यता पूर्णरूपमा लागु हुँदैन । गैरसरकारी सङ्घ/संस्थामा आबद्ध र नागरिक आन्दोलनका मोर्चामा देखिने प्रायः व्यक्तिहरू राजनीतिकरूपमा पनि सक्रिय छन् । परिणामस्वरूप, एउटा दल सरकारमा हुँदा सिभिक स्पेस, गैसस र नागरिक समाजको सक्रियता र भूमिका एक किसिमको देखिन्छ भने अर्को दल सरकारमा हुँदा अर्कै किसिमको देखिन पुग्छ ।

दलीय पक्षधरताका कारण सिभिक स्पेस आलोचनामुक्त छैन । सिभिक स्पेस र नागरिक समाजको भूमिकामाथि बेलाबेलामा दलीय पक्षधरताको धब्बा लाग्ने गरेको छ । प्रजातान्त्रिक आन्दोलनमा सिभिक स्पेस र मूलतः नागरिक समाजको सहभागिता थियो । २०४६ को जनआन्दोलनमा अहिले हामी जेलाई नागरिक समाज भनेर बुझ्छौँ, त्यसको एउटा हिस्साको संलग्नता थियो । सोही संलग्नतालाई कदर गर्दै जनआन्दोलनपछि बनेको अन्तरिम सरकारको मन्त्रिमण्डलमा २ सदस्य (देवेन्द्रराज पाण्डे र मथुराप्रसाद श्रेष्ठ) लाई मनोनयन गरिएको थियो । त्यसबखत पाण्डे र श्रेष्ठलाई 'स्वतन्त्र' भनिए तापनि मानव अधिकार सङ्गठन/व्यावसायिक सङ्गठनमार्फत जनआन्दोलनमा उनीहरूले निर्वाह गरेको भूमिकालाई कदर गर्दै मन्त्रिपरिषद्मा स्थान दिइएको थियो ।[१३] २०६२/६३ को जनआन्दोलनमा पनि नागरिक समाजको उल्लेखनीय भूमिका थियो । जनआन्दोलनमा नागरिक समाजका अगुवा, मानव अधिकारकर्मी, विभिन्न पेसाकर्मी, ट्रेड युनियन र मिडिया जगत्को प्रत्यक्ष संलग्नता थियो ।

नागरिक आन्दोलन र सार्वजनिक बहसमा सबै भन्दा अग्रपङ्क्तिमा देखिनेहरू आफू निकट दल सत्तामा पुग्दा राज्यका विभिन्न ओहोदामा पुगेका छन् । सरकार परिवर्तन

१३ पराजुली र अरू २०७७

भएपछि उनीहरू पुनः नागरिक आन्दोलनमा, अधिकारमा आधारित पैरवीमा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थामा नै फर्किने गरेका छन् । यसले गर्दा उनीहरूको भूमिका र निश्पक्षतामाथि प्रश्न उठ्दै आएको छ । कतिपयले नेपालमा सिभिक स्पेस र नागरिक समाजको स्वतन्त्र अतित्वमाथि नै प्रश्न उठाउने गरेका छन् भने कतिले यसलाई राजनीतिक आस्था र विचारबाट निर्देशित हुने गरेको बताउने गरेका छन् । यस्तो भूमिकाका कारण नागरिक आन्दोलन, गैससको भूमिका र गतिविधिलाई नकारात्मक दृष्टिकोणले लिनेहरूको पनि कमी छैन । विशेषगरी दोस्रो जनआन्दोलनपछि विदेशी सहायता र अधिकारमा आधारित नागरिक समाजले समस्याको समाधान गर्ने भन्दा पनि समस्यालाई बढाएको र राज्यको भूमिकालाई नै कमजोर बनाएको आरोपसमेत लाग्ने गरेको छ ।[१४]

सिभिक स्पेस, नागरिक समाज र तिनका गतिविधिहरूलाई राज्य र नागरिकस्तरबाट बेलाबेलामा डलर खेती, धर्म प्रचारक वा धर्म परिवर्तनका एजेन्टको आरोप लाग्ने गरेको छ । केही अपवादका घटना नभएका होइनन् तर समग्रमा यो यथार्थ होइन । अर्को आरोप भनेको सिभिक स्पेस, नागरिक समाज र अधिकार, सुशासन र पारदर्शिताका लागि वकालत गर्दै आएका विकास साझेदार, गैससहरू स्वयं पारदर्शी नभएको र त्यहाँ पनि भ्रष्टाचार मौलाएको आरोप लाग्ने गरेको छ । अर्को बुझाइचाहिँ यहाँको सिभिक स्पेस र विशेषगरी नागरिक समाज र तिनका गतिविधि दाताको इसारामा चल्छन् भन्ने हो ।[१५] साथै नागरिक समाज र गैससहरू सीमित स्वार्थ समूह वा परिवारको कब्जामा रहेको र दाताको सहयोग दुरूपयोग हुने गरेको आरोपबाट मुक्त छैन । गैससभित्रै कर्मचारीमाथि आर्थिक शोषणका घटना बेलाबेला सार्वजनिक हुँदा पनि यसले गैससप्रति नकारात्मक धारणा राख्नेहरूलाई बल पुगेको छ ।

सिभिक स्पेस र समग्र नागरिक आन्दोलनको राजनीतिक पक्षधरता, विवादास्पद भूमिका र कमजोरीका कारण त्यसप्रति जनविश्वास र आमअपेक्षा पनि कमजोर देखिन्छ । निर्वाचित सरकारहरू सिभिक स्पेस र नागरिक समाजलाई खुला र स्वतन्त्र राखिने बताउने गर्छन् । राज्यले पनि गैरसरकारी सङ्घ/संस्थाको भूमिकालाई विकास साझेदारका रूपमा हेर्ने गरेको छ । संविधान र अन्य दस्तावेजमा पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई विकास साझेदार उल्लेख गर्दै राज्य र सरकारको परिपूरकका रूपमा चित्रण गरिएको पाइन्छ । तर कतिपय नीतिगत प्रबन्ध र व्यवहारबाट भने नागरिक समाज, यसमा आबद्ध विभिन्न सङ्घ/संगठन र तिनको भूमिकाप्रति सन्देहभाव राखेको आभाष हुन्छ ।

---

१४ Kharel & KC, 2022

१५ Pandey, 2020

नागरिक समाजलाई डलर खाएर विदेशीको इसारामा सरकारको आलोचना गर्ने आरोप लाग्ने गरेको छ । विशेषगरी पूर्वमाओवादी विद्रोही र त्यससँग जोडिएका नेता/कार्यकर्ताहरूले यसलाई बेलाबखत उचाल्ने गरेका छन् । नागरिक समाजमाथि सरकारलाई काम गर्न सहजता भन्दा नचाहिँदा किसिमले भाँजो हाल्ने काम गरेको दोष पनि लाग्ने गरेको छ ।[१६] अधिकारका पक्षमा वकालत गर्ने गैरसरकारी संस्थाका कमजोरी, त्यसप्रति सरकारी निकायका सन्देहभावका कारण नागरिक संस्थाहरु र विशेषगरी गैरसरकारी सङ्घ/संस्थाप्रति राज्यको दृष्टिकोण खुला र लचिलो छैन । राज्य र सरकारले नागरिक समाज र तिनका गतिविधिलाई सहजीकरण गर्ने भन्दा पनि सङ्कुचित पार्ने काम गर्दै आएको देखिन्छ । गैरसरकारी सङ्घ/संस्थालाई राज्यले कस्न थालेपछि कतिपय व्यक्तिले नाफारहित निजी कम्पनीमार्फत ती काम अघि बढाउन चाहेका देखिन्छ । समाज कल्याण परिषद्को अनुगमन र प्रशासनिक झमेलाबाट उम्कन उनीहरूले यो मार्ग अपनाउन थालेका हुन् । नाफा वितरण गर्ने उद्देश्य नभएका यस्ता संस्था कम्पनी ऐनअनुसार दर्ता भएर सञ्चालन हुने गर्छन् ।

## सिभिक स्पेससम्बन्धी व्यवस्था

नेपालको संविधानले राज्यका तीन तह (सङ्घ, प्रदेश र स्थानीय)को व्यवस्था गरेको छ । तीनवटै तहमा सरकार, विधायिका र न्यायपालिकाको संरचनागत प्रणाली सिर्जना गरिएको छ । संविधानको अनुसूची ५ मा सङ्घ, अनुसूची ६ मा प्रदेश, अनुसूची ८ मा स्थानीय तहका अधिकार र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारबारे व्यवस्था गरिएको छ । ती अधिकार कार्यान्वयनका लागि सङ्घीय सरकारका अतिरिक्त सात प्रदेश सरकार र ७ सय ५३ पालिका निर्धारण गरिएको छ । सङ्घ र प्रदेशमा जस्तै पालिकाहरूमा पनि निर्वाचित कार्यापालिकाको व्यवस्था छ जसलाई स्थानीय सरकार भनिन्छ । तीनवटै सरकारले नीति, योजना र बजेट बनाउने, कार्यान्वयन गर्ने र त्यसको अनुगमन गर्नेसमेतको जिम्मेवारी पाएका छन् । उक्त जिम्मेवारी कार्यान्वयन गर्न अधिकतम पारदर्शी, जवाफदेही र उत्तरदायी हुनुपर्ने तथा नागरिक सहभागितालाई अधिकतम प्रवर्द्धन गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।[१६] यी संवैधानिक व्यवस्थाको कार्यान्वयन र प्रचलनका लागि राज्यका तीनवटै तहले आफूलाई प्राप्त अधिकारबमोजिम विभिन्न कानुन, नीतिहरु तर्जुमा गरेका छन्/तर्जुमा गर्ने क्रममा देखिएका छन् । कतिपय पुराना कानुन र नीतिहरूलाई नै नयाँ संविधानका प्रावधान अनुरूप हुने गरी परिष्कृत, परिमार्जन, अद्यावधिक वा संशोधन गरिएका छन् । कतिपय पुराना कानुन सिभिक स्पेस, नागरिक समाज, गैरसरकारी सङ्घ/संस्था सञ्चालन, कार्यान्वयन, गतिविधि र भूमिकाबारे सान्दर्भिक देखिन्छन् ।

---

१६ पाण्डे, २०७७ ।

## कानुनी तथा नीतिगत प्रबन्ध

नेपालमा राणा शासन अन्त्यसँगै सिभिक स्पेस र नागरिक सङ्घ/संस्था स्थापना हुन थाले पनि २०४६ मा प्रजातन्त्र बहालीपछि सिभिक स्पेससम्बन्धी कानुनी र नीतिगत प्रबन्ध अघि बढेको हो । २०४७ सालको संविधानले विचार, अभिव्यक्ति, प्रकाशन, सङ्गठन, शान्तिपूर्ण विरोधलाई मौलिक अधिकारका रूपमा स्वीकार गऱ्यो । नेपाल आइसिसिपिआरको पक्ष राष्ट्र बनेसँगै गैरसरकारी सङ्घ/संस्था खोल्न नेपालमा अन्तर्राष्ट्रिय गैसस प्रवेशका लागि वातावरण सहज बन्यो । नेपाल मानव अधिकारसँग सम्बन्धित अन्य झण्डै एक दर्जन संयुक्त राष्ट्रसङ्घीय तथा अन्य विश्वव्यापी क्षेत्रीय सन्धि, घोषणापत्र, अभिसन्धि र प्रतिज्ञापत्रको पनि पक्ष बनिसकेको अवस्था छ । यसले नेपालमा सिभिक स्पेस र नागरिक समाजका संस्था, सहभागी र मुद्दालाई फराकिलो बनाउन मद्दत गरेको छ ।

नेपालको संविधान, भाग ३ मा विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार भेला हुन पाउने स्वतन्त्रता र सङ्घ/संस्था खोल्न पाउने स्वतन्त्रतासहित ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ[१७] । त्यस्तै, भाग ४ मा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वबारे उल्लेख छ । यी संवैधानिक व्यवस्थाले आमनागरिकका अधिकार र कर्तव्य सुनिश्चित गर्नुका साथै सार्वजनिक नीति, सार्वजनिक सेवा, सार्वजनिक स्रोतमा पहुँच र प्रयोगमा नागरिक र विशेषगरी महिला, अल्पसङ्ख्यक र समाजमा पछाडि पारिएका नागरिकको प्रत्यक्ष र सक्रिय सहभागिता हुनुपर्नेमा जोड दिएको छ जुन सिभिक स्पेस र नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र सिद्धान्तका आधारमा तय गरिएका छन् ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ अनुसार प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक सुनिश्चित गरिएको छ । साथै, प्रत्येक सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित विभिन्न २० प्रकृतिका सूचना अद्यावधिक गरी प्रत्येक ३-३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ दफा ६ (ङ) मा प्रशासन सञ्चालन गर्दा पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमानदारिता कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै दफा ६ को (छ) मा प्रशासन संयन्त्र तटस्थता र निस्पक्षता, (ज) मा प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच, र (ञ) मा जनसहभागिता र स्थानीय स्रोतको अधिकतम उपयोग हुनुपर्ने व्यवस्था छ । कानुनी सहायतासम्बन्धी ऐन, २०६४ को दफा (१) मा असमर्थ व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराइने र त्यस्तो व्यक्तिले उक्त सहायताको शोधभर्ना गर्न नसके आंशिक वा पूर्ण छुट दिन सकिने व्यवस्था छ ।

१७ नेपालको संविधान २०७२

चालु पन्ध्रौँ पञ्चवर्षीय योजना (२०७६/७७–२०८०/८१) को आधारपत्रमा विकास प्रक्रियामा जनताको अर्थपूर्ण सहभागिताको कल्पना गरिएको छ । विकास कार्यक्रम तर्जुमा गर्दादेखि त्यसको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनका चरणमा समेत जनताको सार्थक सहभागितामा जोड दिइएको छ । सरकारले २०३० सम्म दिगो विकासका लक्ष्यहरूको प्राप्तिलाई आफ्नो योजनामा समेटको छ, जसको प्रभावकारी कार्यान्वयनका लागि सिभिक स्पेस र नागरिक समाजका तर्फबाट खबरदारी र पैरवी गर्नु जरूरी हुन्छ ।

संविधानअनुसार स्थानीय सरकारले स्वास्थ्य, शिक्षा, कृषि, सहकारी, विपद् व्यवस्थापनलगायत कम्तीमा १५ वटा क्षेत्रमा आफैँ नीति तथा नियमहरू तय गरी कार्यान्वयन गर्न सक्छ । २०७४ सालमा स्थानीय निर्वाचन सम्पन्न भएपछि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरियो । यसले नयाँ शासकीय संरचनामा स्थानीय निकायले के/कस्ता र कसरी काम गर्ने भन्ने कानुनी आधार प्रदान गरेको छ । उक्त ऐनले स्थानीय तहलाई शिक्षासम्बन्धी मात्र २३ वटा अधिकार तथा जिम्मेवारी तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा पनि सिभिक स्पेसका सम्बन्धमा विभिन्न नीतिगत तथा कानुनी प्रबन्ध गरेको पाइन्छ । उक्त ऐनको दफा २४ को उपदफा (५) मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषयविद्, अनुभवी पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतका सरोकारवालाहरूको अधिकतम सहभागिता हुनुपर्ने उल्लेख छ ।

उल्लिखित संवैधानिक, कानुनी तथा नीतिगत प्रावधानहरू सिभिक स्पेस, नागरिक अभियान तथा तिनका कार्यसँग प्रत्यक्षरूपमा सम्बन्धित नहुन सक्छन् । तर यसले सिभिक स्पेसका उद्देश्य, कार्यक्षेत्र र गतिविधिसँग सम्बन्धित सामाजिक न्याय, सार्वजनिक नीति तथा सार्वजनिक स्रोत र सार्वजनिक सेवाका सवालमा बहस–पैरवी गर्न, अभियान सञ्चालन गर्न आधारस्तम्भ प्रदान गरेको छ । यस्ता नीतिगत प्रबन्धहरू नागरिकको हक अधिकार प्रवर्द्धन गर्न तथा प्रजातान्त्रिक शासन व्यवस्था सञ्चालनका पूर्वसर्त हुन् । तिनको प्रवर्द्धन, उपयोग र प्रचलनका लागि सिभिक स्पेसको पहलकदमी र भूमिका जरूरी हुन्छ ।

# सङ्घमा सिभिक स्पेससम्बन्धी नीतिगत प्रबन्ध

## सङ्घमा नीतिगत प्रबन्ध

सामाजिक तथा राजनीतिक क्षेत्रमा सिभिक स्पेस र नागरिक समाजको भूमिकाको इतिहास लामो छ । तर यसको आधुनिक स्वरूपचाहिँ सिभिल सोसाइटी अर्गनाइजेसन (सिएसओ) र मूलतः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाका गतिविधिसँग जोडेर विश्लेषण गर्न थालिएको छ । त्यसका अतिरिक्त धार्मिक सङ्गठन, ट्रेड युनियन, सामाजिक तथा सांस्कृतिक समूहहरू, पहिचानमा आधारित सङ्गठनहरू, पेसागत सङ्गठन तथा विभिन्न नेटवर्क, महासङ्घ, कोषहरू आदिलाई पनि नागरिक संस्था र तिनको भूमिका एवं कार्यलाई पनि सिभिक स्पेसको गतिविधिका रूपमा लिने गरिएको छ । यस्ता संस्था २०औँ शताब्दीको मध्यतिरबाट अस्तित्वमा आए पनि यसको विकास र विस्तार भने २०४६ सालको राजनीतिक परिवर्तनसँगै भएको हो ।[१८]

२०४७ मा जारी नेपालको संविधानले जनताको प्रकाशन, वाक् तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गर्‍यो । साथै, शान्तिपूर्णरूपमा भेला हुन पाउने, विरोध गर्न पाउने र सङ्घ/संस्था एवं राजनीतिक दल खोल्न पाउने हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको थियो । प्रजातान्त्रिक व्यवस्थामा पुनः फर्किएसँगै नेपाल आइसिसिपिआरको पनि सदस्य भयो र उक्त सन्धि अनुमोदन गरेसँगै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई नेपालले पनि सहजरूपमा प्रवेश दिन थाल्यो ।[१९] अन्तर्राष्ट्रिय गैससले नेपालका स्थानीय गैसससँगको सहकार्य र समन्वयमा आफ्नो सहयोग रकम परिचालन गर्नुपर्ने नीतिगत प्रबन्धका कारण गैससहरूको सङ्ख्या ह्वात्तै बढ्न पुग्यो । सन् २०१९ मा गरिएको एक अध्ययनअनुसार नेपालमा करिब ३००,००० गैसस छन् र त्यसमध्ये ५०,००० अर्थात करिब १७ प्रतिशत मात्र दर्ता भएर सञ्चालित छन् ।[२०]

२०७२ मा संविधान जारी भएपछि नेपाल सङ्घीय गणतान्त्रिक मुलुकमा रूपान्तरण भयो । संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सङ्घ/संस्था खोल्ने र राजनीतिक सङ्गठन खोल्न पाउने अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गर्दै नागरिक समाज र सिभिक स्पेसलाई बलियो बनाउने संवैधानिक सुनिश्चितता प्रदान गरेको छ । यद्यपि संविधानमा सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा र सङ्घीय राज्यहरू र विभिन्न समुदाय एवं पहिचान समूहरूका बीचमा सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने जस्ता राष्ट्रिय स्वार्थ रक्षाका लागि केही मुनासिब प्रतिबन्धको व्यवस्था पनि गरिएको छ । संविधानको धारा ५१ (ञ), (१४) को सामाजिक

---

१८ Upreti, 2011

१९ Pandey, 2021

२० British Council, 2019

न्याय र समावेशीसम्बन्धी नीतिअन्तर्गत 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाहरूको भूमिका लगानी पारदर्शी बनाउँदै त्यसलाई राष्ट्रिय आवश्यकता र प्राथामिकताको क्षेत्रमा परिचालन गरिने' उल्लेख छ । यसका आधारमा जारी भएका र प्रस्तावित केही नीति, निर्देशन र निर्देशिकामार्फत गैरसरकारी सङ्घ/संस्थाको अधिकारसम्बन्धी भूमिकालाई सङ्कुचन गर्न खोजिएको देखिन्छ ।[२१]

नेपाल केन्द्रीय शासन व्यवस्थाबाट सङ्घीय शासन व्यवस्थामा परिवर्तन हुँदै गर्दा धेरै कानुनी तथा नीतिगत प्रबन्धहरु परिवर्तन भएका छन् । यस सन्दर्भमा सिभिक स्पेस र नागरिक संस्थाहरूसँग सम्बन्धित कानुन तथा नीतिहरूमा के/कस्ता व्यवस्था र परिवर्तन आएका छन् भनेर चर्चा र प्रश्न उठेको छ । सिभिक स्पेस, नागरिक संस्था र समाज जस्ता शब्दावलीले निकै व्यापक क्षेत्र समेट्ने भए पनि यस अध्ययनमा केवल सङ्घीय, प्रादेशिक र स्थानीय तहका केही कानुन, नीति र प्रस्तावित विधेयकहरूमाथि मात्र चर्चा गरिन्छ । अध्ययनबाट के देखिन्छ भने सिभिक स्पेसका लागि संवैधानिक सुनिश्चितताका बाबजुद धेरै कानुन तथा नीति राज्य वा सरकारी अधिकारीहरूलाई नागरिक समाजका गतिविधि र कार्यमाथि नियन्त्रण वा सङ्कुचन गर्ने अधिकारसहित आएका छन् ।

नेपालमा धेरै कानुन तथा नीतिगत प्रबन्ध छन्, जसले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सिभिक स्पेस, अभिव्यक्ति स्वतन्त्रता, सङ्घ/संस्था खोल्ने स्वतन्त्रता र गैरसरकारी सङ्घ/संस्थासहितका विभिन्न नागरिक संस्थाको सञ्चालन तथा नियमनसँग सम्बन्धित छन् । त्यसमध्ये केही पञ्चायतकालमा नै अस्तित्वमा भए पनि धेरैजसो २०४७ पछिको खुला राजनीतिक वातावरणका उपज हुन् । २०१८ सालमा जारी राष्ट्रिय निर्देशन ऐन पहिलो कानुन हो जसले नागरिक समाज र विशेषगरी सङ्घ/संस्थाको स्थापना र सञ्चालनसँग सरोकार राख्थ्यो । उक्त ऐनमा सरकारलाई सो ऐनबमोजिम स्थापना गरिएका नागरिक संस्था र गैससहरूलाई तिनका गतिविधिबारे आवश्यक निर्देशन र आदेश दिन सक्ने व्यवस्था थियो ।

यसैगरी संस्था दर्ता ऐन, २०३४ अर्को पञ्चायतकालीन ऐन थियो जुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्थापना र व्यवस्थापनसँग सम्बन्धित थियो । प्रजातन्त्र बहालीपछि समाज कल्याण ऐन २०४९ आयो जसले नेपालमा सङ्घ/संस्था दर्ता, सञ्चालन र नियमनका सम्बन्धमा विस्तृत व्यवस्था गरेको थियो । उक्त ऐनले विदेशी दाताको सहयोग प्राप्त गर्ने गैरसरकारी संस्थाहरु समाज कल्याण परिषद्मा दर्ता हुनुपर्ने व्यवस्था गरेको थियो । कम्पनी ऐन, २०६३ ले संस्था दर्ता गर्ने कि नगर्ने भन्ने अधिकारीहरूको मनोमानी अधिकार क्षेत्रलाई निरूत्साहित गरेको छ । यद्यपि उक्त ऐनले

२१ Pandey,2021

नाफामूलक कम्पनी भन्दा मुनाफारहित कम्पनी सञ्चालनका लागि केही सर्तहरु तोकेको पाइन्छ । उल्लिखित कानुनहरूले गर्दा नेपालमा संस्था दर्ता, नवीकरण र सञ्चालनका लागि धेरै नै प्रशासनिक झन्झट देखिन्छ । यसैको फलस्वरूप २०७२ सालमा जारी संविधानले गैरसरकारी सङ्घ/संस्थाको दर्ता नवीकरण र सञ्चालन सम्बन्धमा 'एक द्वार नीति' कायम राख्ने लक्ष्य राखेको छ ।[२२]

संविधान जारी भएलगत्तै सरकारले समाज कल्याण तथा विकास ऐनसम्बन्धी विधेयक २०७३ प्रस्ताव गरेको थियो । देशमा समाज कल्याण र विकासका क्षेत्रमा कार्यरत गैससहरूको कार्यलाई पारदर्शी र जवाफदेही बनाउने उद्देश्यसाथ ल्याइएको उक्त विधेयकले मूलतः नागरिक संस्था र गैससको वाचडगको भूमिकालाई बेवास्ता गरिएको थियो भने तिनलाई विकास साझेदारका रूपमा हेर्दै गैससमार्फत राज्यको प्राथामिकताका परियोजनामा लगानी परिचालन गर्नुपर्नेमा जोड दिएको थियो ।[२३] यस्तै सरकारले २०७६ सालमा 'अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति' जारी गरेको छ जसको उद्देश्य राष्ट्रिय आवश्यकता र प्राथामिकताका आधारमा बाह्य सहायतालाई परिचालन गर्ने रहेको छ । तत्कालीन सरकारले अघि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' नारालाई साकार पार्न र वैदेशिक सहायतालाई सरकारले निर्धारण गरेको प्राथमिकताका क्षेत्र र आवश्यकताअनुसार परिचालन गर्ने लक्ष्य लिइएको छ ।[२४] उक्त नीतिले अधिकारका क्षेत्रमा सक्रिय संस्था, विशेषगरी गैससको भूमिकालाई कम महत्त्व दिँदै कृषि र पूर्वाधार निर्माणलगायतका क्षेत्रलाई वैदेशिक सहायता परिचालनका लागि प्राथमिकतामा राखेको छ । साथै, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससहरूले आफ्नो आर्थिक स्रोत र कार्यक्रमबारे अर्थ मन्त्रालयअन्तर्गतको सहायता व्यवस्थापन समितिमा प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था छ ।[२५] सरोकारवालाहरूको अनुसार यस्ता नीतिगत व्यवस्थाले गैसस र नागरिक समाजको स्रोत र परिचालनमाथि सरकारको नियन्त्रण बढाउनुका साथसाथै कस्ता कार्यक्रम कार्यान्वयन गर्ने/गराउने भन्ने विषयमा पनि सरकार हावी हुन सक्छ ।[२६] स्वदेशी परामर्शदाताले नसकेको खण्डमा मात्र स्थानीय नागरिक संस्थाहरूले विदेशी परामर्शदाता राख्न पाउने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले बाह्य सहायताको ठूलो रकम कर्मचारीमाथि खर्च हुने अवस्था बदल्न सकिने भए पनि यसबाट नागरिक संस्थामा मानव स्रोतको नियुक्तिमा सरकारी अधिकारी हावी बन्न सक्छन् ।[२७]

---

२२ USAID, ICN & FHI 360

२३ Pokharel, 2016

२४ The International Development and Cooperation Policy, 2019

२५ Pokhrel and Kafle, 2016

२६ Singh, et al., 2020

२७ Pandey, 2021

सिभिक स्पेस, नागरिक संस्था र नागरिक समाजसँग सरोकार राख्ने कतिपय कानुन अझै बन्ने क्रममा नै छन् । केही विधेयक सङ्घीय संसद्मा विचाराधीन भएको र संसद्को अवधि सकिए संगै निष्क्रिय भए । कतिपय कानुनको मस्यौदा तयार भएर छलफलका लागि संसद्मा प्रस्तुत भएका थिए तर तिनका प्रावधान सिभिक स्पेसलाई नै सङ्कुचित गर्ने र अलोकतान्त्रिक प्रकृतिको देखिएको भन्दै गैसस, नागरिक समाज, मिडियालगायत सरोकारवालाहरूले प्रश्न उठाएका थिए/छन् । तर, संसदको कार्यकाल सकिएसंगै ती सबै विधेयक निष्क्रिय हुन पुगेका छन् ।

त्यसमध्ये एक थियो- समाज कल्याण तथा विकास ऐनसम्बन्धी विधेयक । संविधान जारी भएलगत्तै तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा अघि बढाइएको उक्त मस्यौदा ऐनको उद्देश्य साविक समाज कल्याण ऐन २०४९ लाई प्रतिस्थापन गर्ने थियो । उक्त प्रस्तावित ऐनमा कामको प्रकृति र तिनीहरूको कार्यक्षेत्रका आधारमा नागरिक संस्थाहरु (मूलतः गैससहरु) लाई वर्गीकरण गर्ने प्रस्ताव गरिएको थियो । साथै नागरिक संस्था र निजी क्षेत्रबीच सहकार्य बढाउने, समाज कल्याण र विकासमा गैससको योगदानका आधारमा त्यस्ता संस्था वा व्यक्तिलाई पुरस्कृत गर्नेलगायतको प्रावधान प्रस्ताव गरिएको थियो ।

यसका अतिरिक्त उक्त विधेयकमा अन्तर्राष्ट्रिय गैससहरूले परराष्ट्र मन्त्रालयबाट अनुमति लिनुपर्नेदेखि स्थानीय अधिकारीहरूको आदेशमा गैसस भङ्ग हुन सक्ने र विदेशी विकास साझेदारहरूसँग आर्थिक सहायता प्राप्त गर्नुअघि गैससले समाज कल्याण परिषद्बाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था प्रस्तावित थियो । साथै उक्त मस्यौदामा गैससहरूले आफ्नो विधान वा देशको कानुनको बर्खिलाप हुने गरी गतिविधि गरेको पाइएमा समाज कल्याण परिषद्लाई गैससको कार्यकारी समिति निलम्बन वा भङ्ग गर्न सक्ने अधिकार दिइएको थियो । यस्ता प्रावधानले नागरिक संस्था, गैसस, अन्तर्राष्ट्रिय गैसस र समग्र सिभिक स्पेस र तिनका गतिविधिमाथि नियन्त्रण गर्न सक्ने नीतिगत आधार दिएको देखिन्छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जारी गरेको राष्ट्रिय सदाचार नीति २०७४ यस क्षेत्रसँग सरोकार राख्ने अर्को नीतिगत प्रबन्ध हो ।[२८] सार्वजनिक, निजी निकाय तथा गैरसरकारी संस्थामा सदाचार कायम गरी तिनको कार्यप्रदर्शन बढाउने उद्देश्यसहित ल्याइएको उक्त नीतिमाथि चर्को बहस भएको थियो । यो किन पनि विवादित बन्न पुग्यो भने यसमा गैरसरकारी तथा निजी क्षेत्रका गतिविधिमाथि निगरानी बढाउने, रिपोर्टिङ तथा प्रक्रियागत झन्झट, गैसस र

२८ The National Integrity and Ethics Policy 2018.

नागरिक संस्थाको कार्यक्षेत्रका साथै आर्थिक स्रोतमा पहुँच सङ्कुचित पार्न सकिने प्रावधानहरू पनि समावेश गरिएका छन् ।[२९] विधेयकमा नागरिक संस्थाहरूले आफ्नो आर्थिक कारोबार बैङ्किङ प्रणालीमार्फत गर्नुपर्ने प्रावधानले गैससहरूमाथि लाग्ने गरेको पारदर्शिताको अभावसम्बन्धी आरोप सम्बोधन गर्न अवश्य मद्दत गर्छ । स्थानीय गैसस र समूहहरूले विदेशी सहयोग प्राप्त गर्न सरकारसँग स्वीकृति लिनुपर्ने, अन्तर्राष्ट्रिय गैससले नीतिगत मुद्दाहरूमा बहस पैरवीका लागि खर्च गर्न नपाउने, अनुचित आरोपहरू लगाउन नपाउने, गलत नियत राख्न नपाउने वा नेपाली सभ्यता, संस्कृति, सामाजिक सम्बन्ध तथा सद्भाव खल्बल्याउने गतिविधि गर्न नपाउने जस्ता सर्त/प्रावधानको स्पष्ट व्याख्या र परिभाषाको अभावमा सरकारी अधिकारीहरूको स्वेच्छाचारिता बढ्न सक्छ । साथै उक्त नीतिमा अन्तर्राष्ट्रिय गैससले आफ्नो वार्षिक कार्यक्रम र बजेटबारे अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने र सरकारको स्वीकृतिविना तिनले प्रतिवेदनहरू आफ्नो मुख्यालय रहेको देशको सरकारलाई रिपोर्ट गर्न नपाउने प्रस्ताव गरिएको छ । नीतिमा समेटिएका कतिपय प्रावधान उचित नै भए पनि समग्र झुकाव भने नागरिक संस्था, विकास साझेदार, गैसस, अन्तर्राष्ट्रिय गैसस र तिनका गतिविधि तथा समग्र सिभिक स्पेसलाई नियन्त्रण गर्नेखालको देखिन्थ्यो जसले गर्दा यसको चौतर्फी विरोध हुनुका साथै कार्यान्वयनमा पनि आउन सकेको छैन ।[३०]

२०७३ मा प्रस्ताव गरिएको समाज कल्याण तथा विकास विधेयक टुङ्गोमा नपुग्दै त्यसको प्रतिस्थापन विधेयक २०७५ सालमा सङ्घीय संसद्मा पुनः प्रस्तुत गरियो । 'सामाजिक संस्थाको स्थापना, दर्ता तथा सञ्चालनसम्बन्धी कानुनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक' नाम रहेको उक्त विधेयकको उद्देश्य सामाजिक संस्थाको नियमनसम्बन्धी पुराना ३ वटा कानुन (राष्ट्रिय निर्देशक ऐन २०१८, संस्था दर्ता ऐन २०३४ र समाज कल्याण परिषद् ऐन २०४९) लाई खारेज गरी एउटै सग्लो ऐन तय गर्ने रहेको थियो । तर देशको आन्तरिक सुरक्षा र कानुनी व्यवस्थासम्बन्धी कार्यक्षेत्र भएको गृह मन्त्रालयले प्रस्ताव गरेको यो विधेयक पनि नागरिक संस्था, गैसस र सिभिक स्पेसलाई लोकतान्त्रिक मूल्य/मान्यताअनुकूल भन्दा पनि सङ्कुचन गर्ने किसिमले अघि बढाइएको भन्दै चर्को विरोध हुन पुग्यो ।

विधेयकमा केही त्यस्ता प्रावधान थिए जसले साँच्चै सिभिक स्पेस र नागरिक संस्थाका गतिविधिमाथि नियन्त्रण र निगरानी बढाउन खोजेको देखिन्थ्यो । विधेयकमा गैससहरूका कार्यलाई विभिन्न १३ वटा कार्यगत समूहमा वर्गीकरण गर्दै तिनले त्यसमध्ये एउटामा मात्र आधारित भएर कार्यक्रम सञ्चालन गर्न

२९ Pradhan, 2018

३० Pandey, 2021

पाउने प्रस्ताव गरिएको थियो । ती १३ वर्गीकरणमध्ये चेतना प्रवर्द्धन, नीति पैरवी, सामाजिक कल्याण, सामाजिक सेवा, पर्यावरण संरक्षण, सामाजिक न्याय, सामाजिक विकास, सुशासन, लोकतन्त्र, लैङ्गिक न्याय र समावेशी विकास, उपभोक्ता हित संरक्षण, अध्ययन/अनुसन्धान, व्यावसायिक हकहितको प्रबर्द्धन तथा रक्षा, धार्मिक तथा सांस्कृतिक प्रबर्द्धन, पूर्वाधार विकास र अन्य थिए । ती सबैलाई २ वटा बृहत्तर भागमा विभाजन गर्न सकिन्थ्यो । एक पूर्वाधार तथा विकास जसमा पूर्वाधार परियोजना, कृषि, विकास निर्माण आदि थिए । अर्को थियो, अधिकारमा आधारित पैरवी र सामाजिक न्यायसम्बन्धी गतिविधि । विधेयकले स्पष्टरूपमा उल्लेख नगरे पनि अधिकारीहरूले त्यतिखेर गैससहरूले आफ्नो कुल बजेटको ६० प्रतिशत पूर्वाधार क्षेत्रमा र ४० प्रतिशत पैरवी एवं सामाजिक न्यायलगायतका गतिविधिमा खर्च गर्ने/गराउने सोच राखेको बताउने गरेका थिए ।[३१]

यस्तो कानुनी प्रावधानले जुनसुकै उद्देश्य लिएर सञ्चालनमा रहेका भए पनि सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससले प्राप्त गर्ने वैदेशिक सहायताको अधिकांश हिस्सा पूर्वाधारमा खर्च गर्नुपर्ने भयो । यसले ती संस्थाको जारी पैरवी र अधिकारसम्बन्धी कार्यक्रममात्र होइन, भावी कार्यक्रम पनि प्रभावित पार्ने देखिन्छ । अर्को प्रायःजसो नागरिक संस्था र गैससहरू अधिकार, जनचेतना, सार्वजनिक न्याय जस्ता उद्देश्यबाट सञ्चालित भएकाले तिनलाई झनै चुनौतीपूर्ण स्थिति हुने भयो । अर्को यसका धेरै प्रावधान राष्ट्रिय सदाचार नीति २०७४ का प्रावधानसँग मिल्छ । साथै प्रस्तावित धार्मिक तथा सांस्कृतिक प्रवर्द्धन जस्ता कार्यक्रम स्पष्ट र संवेदनशील पनि छन् जसले हाम्रो जस्तो सांस्कृतिक संवेदनशीलता पनि उत्तिकै भएको समाजमा विवाद निम्त्याउन सक्छ । विधेयकले अधिकारीहरूलाई नागरिक संस्था र गैससको दर्ता वा नवीकरण अस्वीकार वा कार्यसमिति खारेज गर्ने अधिकार पनि दिएको छ जसले गर्दा अधिकारीहरूलाई स्वेच्छाचारी बनाउन सक्छ । नागरिक समाजले यसलाई सिभिक स्पेस सङ्कुचनको प्रयासका रूपमा बुझेका छन् ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको सवालमा पनि अलि सङ्कुचनकारी नीतिगत प्रबन्धहरू अघि बढेको देखिन्छ । प्रविधि, सञ्चार र मिडियासम्बन्धी धेरै कानुन तथा नीतिहरू छन् जसले समग्र मिडिया जगतलाई अलि कस्न खोजेको जस्तो देखिन्छ । प्रस्तावित मिडिया काउन्सिल ऐनको विधेयक त्यसमध्ये एउटा हो जसले अधिकारीहरूलाई आचारसंहिता उल्लङ्घन गरेमा १० लाख रूपियाँसम्म जरिवाना गर्न सकिने अख्तियारसहित आएको थियो । पछि यसमा राष्ट्रिय सभाले संशोधन गरी पारित गरे पनि प्रतिनिधिसभाले पारित

---

३१ Ibid

नगरेका कारण निष्क्रिय भएको छ । प्रस्तावित आमसञ्चारसम्बन्धी विधेयक २०७५ मा त झन् कठोर प्रावधान र नियन्त्रणमुखी व्यवस्था गरिएको थियो । यसमा पत्रकारहरूले राष्ट्रिय सार्वभौमसत्ता, भौगौलिक अखण्डता र राष्ट्रिय एकताको प्रतिकूल हुने गरी सामग्री प्रकाशित वा प्रसारण गरेमा १५ वर्षसम्म कारागार सजाय वा १ करोड जरिवाना वा दुवै सजाय हुन सक्ने उल्लेख थियो । यो ऐन पनि सरोकारवालाको विरोधका कारण अघि बढ्न सकेन ।

साविक विद्युतीय कारोबार ऐन २०६३ लाई प्रतिस्थापन गर्न बनेको सूचना प्रविधि विधेयक २०७५ पनि अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताका दृष्टिले नियन्त्रणमुखी देखिन्छ । साविक विद्युतीय कारोबार ऐन नै विशेषगरी अनलाइन पत्रकारहरूलाई दुःख दिन दुरूपयोग भइरहेको अवस्थामा नयाँ ऐनको मस्यौदामा आमनागरिकको सामाजिक सञ्जालमा उपस्थिति र गतिविधिमाथि निगारानी राख्न प्रहरीलाई अधिकार दिइएको थियो । यो विधेयक पनि सरोकारवाला पक्षको विरोधका कारण अघि बढ्न सकेन ।

तालिका १ : नागरिक संस्थासम्बन्धी केही मुख्य नीति

| प्रस्तावित विधेयक/नीति | कमजोरी |
|---|---|
| समाज कल्याण तथा विकाससम्बन्धी ऐनको विधेयक २०७३ | • नागरिक संस्थाको नवीकरण गर्ने वा नगर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीलाई स्वविवेकी अधिकार<br>• स्थानीय अधिकारीको आदेशमा गैसस खारेज हुन सक्ने प्रावधान<br>• गैससहरूले आफ्नो विधान वा स्थानीय कानुनसँग बाझिने गतिविधि गरेमा समाज कल्याण परिषद्लाई त्यसको कार्यसमिति भङ्ग गर्ने अख्तियार<br>• गैससलाई विदेशी विकास साझेदारसँग आर्थिक सहयोग प्राप्त गर्नुअघि समाज कल्याण परिषद्सँग स्वीकृति लिनुपर्ने व्यवस्था |

| | |
|---|---|
| राष्ट्रिय सदाचार नीति, २०७४ | • नागरिक संस्था, गैसस र निजी क्षेत्रमाथि कडा निगरानी राख्ने प्रस्ताव, प्रक्रियागत झन्झट तथा झन्झटिलो रिपोर्टिङ विधि, गैससको आर्थिक स्रोतमाथिको पहुँच र कार्यक्षेत्रमा सङ्कुचन गर्ने प्रस्ताव<br>• अन्तर्राष्ट्रिय गैससहरूलाई स्थानीय कानुन तथा नीति निर्माण प्रक्रियामा प्रभावित पार्ने गतिविधि गर्न रोक<br>• वैदेशिक सहायता बजेटले निर्धारण गरेका क्षेत्रमा मात्र सीमित राख्ने तथा गैससहरूले आफ्नो आय/व्यय विवरण तथा कार्यक्रम अर्थ मन्त्रालयद्वारा स्वीकृत गराउनुपर्ने प्रस्ताव<br>• अन्तर्राष्ट्रिय गैससहरूलाई आफ्नो रिपोर्ट नेपाल सरकारको स्वीकृतिबिना आफ्नो मुख्यालय रहेको देशमा पठाउन रोक |
| सामाजिक संस्थाको स्थापना, दर्ता तथा सञ्चालनसम्बन्धी कानुनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक २०७५ | • अधिकारीहरूलाई नागरिक संस्थाको दर्ता अस्वीकार गर्न सक्ने स्वविवेकी अधिकार (खण्ड ७)<br>• गैससससहितका नागरिक संस्थाहरूले विभिन्न १३ वटा कार्यसमूहमध्ये एउटा छनोट गरेर आफ्ना कार्यक्रम लागु गर्नुपर्ने प्रावधान<br>• नेपालीलाई मात्र विज्ञ वा कर्मचारीका रूपमा राख्नुपर्ने प्रावधान सधैँ उपयुक्त हुन नसक्ने |

| | |
|---|---|
| अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ (अनुमोदित) | • वैदेशिक सहयोग परिचालनलाई बजेटमार्फत परिचालन गर्नेमा जोड<br>• अन्तर्राष्ट्रिय विकास सहायताको स्रोत परिचालन, कार्यान्वयन र मूल्याङ्कन सरकारले गर्ने, यस्तो सहायता मूलतः पूर्वाधार विकास र कृषिलगायतका क्षेत्रमा खर्च गर्नमा जोड |

संविधानले विचार तथा अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुन र विरोध जनाउन पाउने स्वतन्त्रता, सङ्घ/संस्था खोल्न पाउने स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ लगायतका अन्तर्राष्ट्रिय नीतिगत प्रबन्धको पनि हामी पक्ष राष्ट्र हौँ । यस्ता संवैधानिक प्रावधान र कानुनी अनुबन्धले राजनीतिक अधिकार, मानव अधिकार, नागरिक स्वतन्त्रता र समग्र सिभिक स्पेस र त्यसमा खुला एवं स्वतन्त्र बहसका लागि आधारशीला तय गरेको छ । नागरिक संस्था, नागरिक समाज र गैसस जस्ता विषयमा नीति निर्माण गर्दा पनि तिनै मौलिक हक र सिभिक स्पेससम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त र मापदण्डबमोजिम आधारित रहेर तय गरिनुपर्दछ । तर हाम्रो सन्दर्भमा सरकार तथा राज्य प्रणाली नागरिक संस्था, अधिकारसम्बन्धी पैरवी गर्दै आएका गैसस र समग्र सिभिक स्पेसलाई उदार र खुलारूपले आत्मसात गर्न सकेको देखिन्न । सरकारले नै तिनीहरूलाई 'विदेशी डलर खाएर सरकारलाई गाली गर्ने' मञ्चका रूपमा देख्ने गरेका छन् । संविधानले सिभिक स्पेस र तिनको गतिविधिका सम्बन्धमा मौलिक हकका रूपमा सुनिश्चित गरे पनि सरकारले तिनको नियमनचाहिँ संविधानको धारा ५१ (ञ) (१४) अन्तर्गत व्यवस्था गरिएको राज्यको नीतिअनुसार डोऱ्याउन खोजेको देखिन्छ ।

संविधानको धारा ५१ (ञ) (१४) मा भनिएको छ– 'सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता सङ्घ/संस्थाहरूलाई संलग्न गराउने ।' सरकारले गैससको भूमिका र लगानीलाई पारदर्शी तथा जवाफदेही बनाउने भनिए पनि विभिन्न नीतिगत प्रबन्धले त्यसलाई उल्टै सङ्कुचित पार्ने, बाह्य सहयोग पूर्वाधार

विकासतर्फ केन्द्रित गर्न खोजिएको देखिन्छ । नागरिक समाज, मिडिया र अन्य सरोकारवालाहरूको विरोधका कारण कतिपय कानुन तथा नीति संसद्मा नै विचाराधीन रहे जुन संसदको कार्यकाल अन्त्यसंगै निष्क्रिय भए । कतिपय जारी भए पनि कार्यान्वयनमा आउन सकेको छैनन् । सामाजिक संस्था ऐन २०७५ (सामाजिक संस्थाको स्थापना, दर्ता तथा सञ्चालनसम्बन्धी कानुनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक २०७५) सरकारले फिर्ता लिएर नयाँ जारी गर्ने जनाएको छ ।[३२]

नागरिक संस्था र गैससलगायतका सम्बन्धमा बनेका वा प्रस्तावित नीतिगत प्रबन्धहरूमा केही सकारात्मक प्रस्ताव र योजना नभएका होइनन् । उदाहरणका लागि गैससलाई तिनको भूमिका, कार्यक्रम र कार्यक्षेत्रअनुसार वर्गीकरण गरिनु, आफैँमा सकारात्मक कुरा हो । तर एउटा क्षेत्रमा भन्दा बढीमा तिनलाई कार्यक्रम गर्न नदिने प्रस्तावले धेरै गैसस र नागरिक संस्थाको भूमिका खुम्चिने छ । त्यस्तै धर्म परिवर्तनमा संलग्न अन्तर्राष्ट्रिय गैससलाई प्रतिबन्ध लगाउने, आर्थिक कारोबार बैङ्किङ प्रणालीबाट गर्ने आदि प्रस्ताव पनि मननीय नै छन् । तर समग्र नीतिहरूको सन्देश र नियतचाहिँ नागरिक संस्था, गैसस र सिभिक स्पेसका नाममा दाताको पैसामा राज्य र सरकारको विरोध गर्ने, पद र शक्तिमा आसीनहरूमाथि प्रश्न उठाउने कार्य भयो भन्ठानेको जस्तो देखिन्छ र त्यसलाई निरूत्साहित गर्न रकमलाई सकेसम्म अधिकारसम्बन्धी पैरवी र अभियानमा भन्दा पनि पूर्वाधार निर्माण र बजेटमार्फत परिचालन गर्न खोजिएको देखिन्छ । त्यस्तै मिडिया र प्रविधिसम्बन्धी अघि बढाइएका धेरै मस्यौदा विधेयक तथा नीतिहरू पनि सरकारप्रति प्रश्न उठाउनेहरूविरूद्ध दण्ड जरिवानाका नाममा मुख थुन्ने अभिप्रायले ल्याएको देखिन्छ । फेसबुकमा सामान्य प्रतिक्रिया जनाएको आधारमा १ करोड रूपैयाँसम्म जरिवाना र १५ वर्ष कारागार सजायको प्रस्ताव आफैँमा कानुन देखाएर सरकारको आलोचना र विरोधीहरूलाई तर्साउने देखिन्छ ।[३३]

---

३२ सीएमआर नेपालले २५ जुन २०२१ मा आयोजना गरेको छलफल कार्यक्रममा गैरसरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष जीताराम लामा र समाज कल्याण परीषदका सदस्य सचिव पुस्कर खातीले ब्यक्त गरेको विचार ।

३३ पाण्डे, २०७८

# प्रादेशिक तहमा सिभिक स्पेससम्बन्धी नीतिगत प्रबन्ध

सामाजिक संस्थासम्बन्धी कानुनी व्यवस्थाका लागि प्रदेश १, मधेश, वागमती र लुम्बिनी प्रदेशले संस्था दर्तासम्बन्धी ऐन ल्याएका छन् । तर, ती ऐनहरूको कार्यन्वयन हुन सकेको छैन । सुदुरपश्चिम प्रदेशले यससम्बन्धी विधेयक नै ल्याएन भने गण्डकी प्रदेश र कर्णाली प्रदेशले यससम्बन्धी विधेयक ल्याएपनि पछि आफनो क्षेत्राधिकारभित्र नपरेको भन्दै सो विधेयकलाई अघि बढाएनन् । गण्डकी प्रदेश सरकारको शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालयले २०७५ सालमै सामाजिक संघ, संस्थासँग सम्बन्धित विधेयकको मस्यौदा तयार पारेको थियो पछि आन्तरिक मामिला मन्त्रालयमा पठाइएपनि सामाजिक संघसंस्थासँग सम्बन्धी विधेयक गृह मन्त्रालयले पेश गर्ने भएकाले प्रदेशको आन्तरिक मामिला मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने जनाउँदै विधेयकलाई अघि बढाइएन ।[३४]

त्यस्तै कर्णाली प्रदेशमा पनि सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ प्रदेशसभामा २०७४ साल चैत २३ गते दर्ता भएको थियो । २०७५ जेठ ११ गते सभामा टेबल भएको थियो भने जेठ २० गते प्रदेशसभामा छलफल र संशोधन दर्ता भएको थियो । त्यसपछि जेठ २५ गते सभाबाट त्यो विधेयक सामाजिक विकास समितिमा पठाउने निर्णय भयो । समितिको २०७५ असार २०, साउन १७, साउन २६ र चैत्र १८ गते गरी जम्मा ४ वटा बैठक बसी ८ घण्टा १५ मिनेट छलफल भयो ।

दफावार छलफलमा सांसदहरूले बोलेपछि विधयेक टेबुल गर्नुहुने मन्त्री र संशोधनको सूचना दर्ता गर्ने सांसदहरूसँग छलफल गरी समितिको अन्तिम बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषयवस्तुसहित विधेयकको सम्बन्धमा नेपालको संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएको क्रमशः प्रदेशको अधिकार सूची, संघ र प्रदेशको साझा अधिकार सूची र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा सामाजिक संघसंस्था उल्लेख भएको नदेखिएकाले र नेपालको संविधानको अनुसूची ५ को क्रमसंख्या ३५ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएका विषय संघको अधिकार हुने व्यवस्था भएकाले सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ प्रदेश सभाको क्षेत्राधिकारभित्र नपर्ने समितिको निष्कर्ष भएको र उक्त विधयेकलाई फिर्ता लिन माननीय मन्त्री समितिको बैठकमा सहमत हुनु भएकोले सो विधेयकलाई सभाबाटै फिर्ता पठाउनपुर्ने रायसहितको प्रतिवेदन पेश गरिएको थियो ।[३५]

---

३४ पोखरेल, २०७९

३५ गौतम, २०७९

## प्रस्तावना नै नियन्त्रणमुखी

प्रदेश सभाले संस्था दर्तासम्बन्धी कानुनी व्यवस्थाका लागि ल्याएका ऐनहरूको प्रस्तावनादेखि नै सामाजिक संस्थाहरूलाई नियन्त्रण गर्ने किसिमका प्रावधानहरु राखेको पाइन्छ । प्रदेश नं. १ ले ल्याएको सामाजिक विकास संस्था विधेयक, २०७५ को प्रस्तावनामा नै सामाजिक विकास कार्यमा संलग्न संस्थाहरूलाई 'जवाफदेही र पारदर्शी बनाउन', संस्थाहरूको 'नियमन गर्न तथा प्रादेशिक प्राथमिकताका क्षेत्रमा कार्य गर्ने सामाजिक संस्थाहरूलाई प्रोत्साहन गर्न' कानुन ल्याइएको उल्लेख छ । मधेस प्रदेश सभाले ल्याएको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रस्तावनामा पनि समस्या देखिन्छ । ऐनको प्रस्तावनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाहरूको 'नियमन गर्ने र त्यस्ता संस्थाहरूको क्रियाकलापलाई पारदर्शी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले' भन्ने उल्लेख छ । यस हिसावले प्रस्तावनादेखि नै सामाजिक संस्थाहरूप्रति सरकार र संसद् को नकारात्मक धारणा झल्कन्छ । जवाफदेही बनाउने, पारदर्शी बनाउने, नियमन गर्ने जस्ता शब्दहरूले प्रष्टरूपमा नकारात्मक धारणा दर्शाएको छ । प्रादेशिक प्राथमिकताका क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरूलाई प्रोत्साहित गर्ने उल्लेख गरिए पनि अन्ततः त्यस्ता प्राथमिकताका क्षेत्र सरकारले तोक्ने कार्य पनि आफैँमा नियन्त्रणकारी नै हुन जान्छ ।

तालिका २ : सामाजिक संस्थासम्बन्धी प्रादेशिक कानुनमा नियन्त्रणमुखी प्रस्तावना

| | |
|---|---|
| प्रदेश नं. १ | सामाजिक विकास कार्यमा संलग्न संस्थाहरूको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको नियमन गर्न तथा प्रादेशिक प्राथमिकताका क्षेत्रमा कार्य गर्ने सामाजिक संस्थाहरूलाई प्रोत्साहन गर्न कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, |
| मधेस प्रदेश | सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिकलगायत सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन गर्ने र त्यस्ता संस्थाहरूको क्रियाकलपालाई पारदर्शी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, |

## दर्ता भएका संस्थालाई झन्झटिलो प्रावधान

सामाजिक सङ्घ/संस्थाहरूको दर्ताको विषयमा पनि झन्झटिलो प्रावधान रहेको पाइन्छ । कुनै एक जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद्मा दर्ता भएर सामाजिक संस्थाहरूले कार्यसञ्चालन गरिरहेको अवस्थामा प्रादेशिक कानुनले प्रदेश र स्थानीय तहमा समेत दर्ता गर्नुपर्ने झन्झटिलो प्रावधानको व्यवस्था गरेको छ । प्रदेश नं. १ ले ल्याएको सामाजिक विकास संस्था विधेयक, २०७५ मा 'ऐन प्रारम्भ भएपछि प्रदेश नम्बर १ मा स्थापना हुने कुनै पनि संस्था स्थानीय तहमा दर्ता गर्नुपर्ने तर एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाहरूको दर्ता परिषद्मा वा परिषद् स्थापना नभएसम्म मन्त्रालयले तोकेको दर्ता अधिकारीसमक्ष गर्नुपर्नेछ' भन्ने व्यवस्था गरेको छ । त्यस्तै 'प्रदेशमा एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने गरी कार्यक्षेत्र तोकिएका वा कार्यरत सबै संस्था यो ऐन लागु भएको मितिले १ वर्षभित्र तोकिएबमोजिम परिषद्मा अनिवार्य सूचीकृत हुनुपर्ने र सूचीकृत नभएमा त्यस्तो संस्थालाई कुनै पनि कार्यक्रम सञ्चालन गर्न अनुमति नदिने' प्रावधान छ । 'प्रदेशमा योजना वा कार्यक्रम सञ्चालन गर्न चाहने तर अन्य प्रदेशमा दर्ता भएको संस्थाले कार्यक्रम स्वीकृत हुनुपूर्व प्रदेशमा सूचीकृत हुनुपर्ने' व्यवस्था पनि ऐनले गरेको छ ।

मधेस प्रदेशको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा 'अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्ने' व्यवस्था गरिएको छ । त्यस्तै 'आफनो कार्यक्षेत्र रहेको स्थानीय तहमा काम गर्न चाहेमा सो कुराको जानकारी स्थानीय तहलाई गराउनुपर्ने र स्थानीय तहले पनि त्यस्तो संस्थाको अभिलेख राख्नुपर्ने' व्यवस्था गरेको छ । वाग्मती प्रदेशको संस्था दर्ता सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको ऐनमा अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा वा कार्य विस्तार गर्न चाहेमा तोकिएवमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्ने व्यवस्था गरिएको छ । लुम्बिनीमा पनि 'अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यस प्रदेशभित्रका कुनै जिल्ला वा स्थानीय तहमा काम गर्नुपरेमा यो ऐनवमोजिम दर्ता हुनुपर्ने व्यवस्था छ । 'त्यस्ता संस्था आफूले काम गर्ने स्थानीय तहमा समेत सूचीकृत हुनुपर्ने' र 'सूचीकृत हुँदा संस्थाको विधान, दर्ता प्रमाणपत्रसमेत संलग्न राखी आफूले गर्ने कामको उद्देश्य र समुदायमा पर्ने प्रभावसमेत खुलाइ सूचीकृत हुन आवेदन गर्नुपर्ने' व्यवस्था ऐनले गरेको छ । यस हिसावले प्रदेश कानुनहरूमा सामाजिक संस्थासम्बन्धी जे/जस्ता प्रावधान राखिएका छन् तिनले देशभरि काम गर्ने संस्थाहरू ७७ वटै जिल्लामा र ७ सय ५३ वटै

स्थानीय तहमा दर्ता गर्नुपर्ने हुन सक्छ । त्यसैले पनि यो व्यवस्था अव्यावहारिक छ ।[३६]

त्यसका साथै ऐनमा उल्लिखित यस्ता व्यवस्थाले सामाजिक संस्थाहरूको राष्ट्रिय परिचालनमा प्रशासनिक नियन्त्रण हुन सक्ने खतरा रहन्छ । यो संभावना अभिव्यक्ति स्वतन्त्रतालगायतका सबैखाले नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित विषयमा काम गर्ने संस्थाहरूका हकमा लागु हुने खतरा रहन्छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रयोग र प्रचलनका हकमा पनि यो व्यवस्था नियन्त्रणकारी हुन सक्छ ।[३७]

तालिका ३ : सामाजिक संस्थासम्बन्धी प्रादेशिक कानुनमा दर्तासम्बन्धी झन्झटिलो प्रावधान

| | |
|---|---|
| प्रदेश १ | ३) दर्ता गर्नुपर्ने : यो ऐन प्रारम्भ भएपछि प्रदेश नंम्बर १ मा स्थापना हुने कुनै पनि संस्था स्थानीय तहमा दर्ता गर्नुपर्नेछ । ...तर, एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाहरूको दर्ता परिषद्मा वा परिषद्को स्थापना नभएसम्म मन्त्रालयले तोकेको दर्ता अधिकारीसमक्ष गर्नुपर्नेछ । |
| | ४ (१) सूचीकृत हुनुपर्ने : प्रदेशमा एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने गरी कार्यक्षेत्र तोकिएका वा कार्यरत सबै संस्थाहरू यो ऐन लागु भएको मितिले एक वर्षभित्र तोकिएबमोजिम परिषद्मा अनिवार्य सूचीकृत हुनुपर्नेछ र यस दफाबमोजिम सूचीकृत नभएमा त्यस्तो संस्थालाई कुनै पनि कार्यक्रम सञ्चालन गर्न अनुमति दिइने छैन ।<br>४ (३) : प्रदेशमा योजना वा कार्यक्रम सञ्चालन गर्न चाहने तर अन्य प्रदेशमा दर्ता भएको संस्थाले कार्यक्रम स्वीकृत हुनुपूर्व प्रदेशमा सूचीकृत हुनुपर्नेछ । |

३६ ढुङ्गेल, २०७८
३७ Ibid

| | |
|---|---|
| मधेस प्रदेश | ३ संस्था दर्ता गर्नुपर्ने : (४) अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा तोकिएवमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्नेछ ।<br>३ (५) उपदफा २ र ४ बमोजिमको संस्थाले आफ्नो कार्यक्षेत्र रहेको स्थानीय तहमा काम गर्न चाहेमा सो कुराको जानकारी स्थानीय तहलाई गराउनुपर्नेछ र स्थानीय तहले पनि त्यस्तो संस्थाको अभिलेख राख्नुपर्नेछ ।<br>३ (७) यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । |
| वाग्मती प्रदेश | ४ संस्था दर्ता गर्नुपर्ने : (३) अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा वा कार्य विस्तार गर्न चाहेमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्नेछ । |
| लुम्बिनी प्रदेश | ४ संस्था दर्ता गर्नुपर्ने : (३) अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यस प्रदेशभित्रका कुनै जिल्ला वा स्थानीय तहमा काम गर्नुपरेमा यो ऐनवमोजिम दर्ता हुनुपर्नेछ ।<br>४ (४) : उपदफा ३ बमोजिम दर्ता भएका संस्थाले आफूले काम गर्ने स्थानीय तहमा समेत सूचीकृत हुनुपर्नेछ ।<br>४ (५) : उपदफा ४ बमोजिम सूचीकृत हुँदा संस्थाको विधान, दर्ता प्रमाणपत्रसमेत संलग्न राखी आफूले गर्ने कामको उद्देश्य र समुदायमा पर्ने प्रभावसमेत खुलाई सूचीकृत हुन आवेदन गर्नुपर्नेछ । |

## दर्तामा तजविजी अधिकार

मधेस प्रदेश सरकारले संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा '(संस्था दर्ताको लागि) निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिएवमोजिमको वर्गीकरणको आधारमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ' भनी उल्लेख छ । वाग्मती प्रदेशको कानुनमा पनि 'निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ' भनी उल्लेख गरिएको छ ।

लुम्बिनी प्रदेशको कानुनमा संस्थाको स्थापना गर्ने आधारहरु अन्तर्गत 'निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ' भनी उल्लेख गरिएको छ । यसरी कानुनमा 'संस्था दर्ता गर्न उचित ठानेमा' जस्ता पदावलीको प्रयोगले यस्ता प्रावधानलाई तजविजी बनाएको छ ।[३८] त्यसो त वाग्मती र लुम्बिनी प्रदेशले ल्याएका कानुनमा दर्ता नभएको अवस्थामा उजुरी गर्न सक्ने व्यवस्था छ । वाग्मती प्रदेशको कानुनमा '(आवश्यक) कागजात पेस गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनुपर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैँतीस दिनभित्र त्यस्तो निर्णयउपर एक तहमाथिको पदाधिकारीसमक्ष उजुर गर्न सक्ने' उल्लेख छ । त्यस्तै लुम्बिनी प्रदेशको कानुनमा संस्था दर्ता नगरिदिने अधिकारीमाथि 'उजुरी प्राप्त भएपछि मन्त्रालयले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गरिदिनुपर्नेछ' भन्ने उल्लेख छ । यसरी उजुरी लाग्ने व्यवस्था भए पनि यसबाट सेवाग्राहीले अनावश्यक झन्झट बेहोर्नुपर्नेछ ।[३९] मधेस प्रदेश सरकारले दफा ५ को उपदफा २ मा नवीकरणका विषयमा 'तोकिएबमोजिम हुने' भनी उल्लेख गरेको छ । यस्ता शब्दावलीहरूले आगामी दिनमा अन्योल सिर्जना गर्नेछ ।

तालिका ४ : सामाजिक संस्थासम्बन्धी प्रादेशिक कानुनमा तजविजी अधिकार

| | |
|---|---|
| मधेस प्रदेश | ४ संस्थाको दर्ता : (२) उपदफा १ बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिएवमोजिमको वर्गीकरणका आधारमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । |
| | ५ नवीकरण गर्नुपर्ने : (२) नवीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । |

३८ Ibid

३९ Ibid

| | |
|---|---|
| वाग्मती | ५ संस्था दर्ता : (३) उपदफा २ बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । |
| | (५) : उपदफा ४ बमोजिमको कागजात पेस गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनुपर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैँतीस दिनभित्र त्यस्तो निर्णयउपर एक तह माथिको पदाधिकारीसमक्ष उजुर गर्न सक्नेछ । |
| लुम्बिनी | ५. संस्थाको स्थापना गर्ने आधारहरु : (२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । |
| | (४) : उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि मन्त्रालयले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गरिदिनुपर्नेछ । |

## स्वीकृति लिनुपर्ने

प्रदेश नं. १ को कानुनमा 'स्थानीय तहमा कुनै कार्यक्रम वा योजना सञ्चालन गर्नुपरेमा प्रचलित कानुनका अतिरिक्त मन्त्रालयको समेत पूर्वस्वीकृति लिन परिषद् मार्फत प्रस्ताव पेस गर्नुपर्ने' उल्लेख छ । त्यस्तै 'एक करोड भन्दा माथि दश करोडसम्मको योजना सञ्चालनको स्वीकृति मन्त्रालयले र दश करोड भन्दा माथिको योजना सञ्चालनको स्वीकृति प्रदेश सरकारबाट लिनुपर्ने' उल्लेख छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्बन्धी व्यवस्थाअन्तर्गत 'कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रचलित कानुनबमोजिम प्रदेशमा मन्त्रालयको स्वीकृति लिएर मात्र कार्य गर्नुपर्ने' उल्लेख छ । 'पूर्वस्वीकृति लिइ कार्य गर्न चाहने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले साझेदार हुने संस्था छनोट गर्नुअघि तोकिएबमोजिमको ढाँचामा प्रदेश सरकारको पूर्वस्वीकृतिको लागि निवेदन र प्रस्ताव पेस गर्नुपर्ने' र 'पेस हुने प्रस्तावको अध्ययन गरी प्रदेश सरकारले आवश्यक सर्तसहित पूर्वस्वीकृति

दिन सक्ने’ व्यवस्था कानुनमा उल्लेख छ । प्रदेश सरकार वा मन्त्रालयको निर्देशनविपरित कार्य गरेको पाइएमा त्यस्तो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई दिइएको स्वीकृति प्रदेश सरकारले रद्द गर्न सक्ने व्यवस्था कानुनमा उल्लेख छ । यसका अतिरिक्त वैदेशिक सहयोग लिन सक्ने व्यवस्थाअन्तर्गत (संस्थाहरूले प्राप्त गरेको) वैदेशिक सहयोग प्रदेश सरकारको बजेटमार्फत मात्र परिचालन हुने’ कुरा पनि कानुनमा उल्लेख छ ।

वाग्मती प्रदेशको कानुनमा पनि 'जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा दर्ता भएका संस्थाले आफ्नो कार्यक्षेत्रभित्र अनुसूचीमा उल्लेख भएअनुसारको रकमको काम गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनुपर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रदेश सरकारको स्वीकृति लिनुपर्ने’ उल्लेख छ । स्थानीय तहले स्वीकृति नदिएमा त्यसउपर आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पुनरावेदन दिन सक्ने व्यवस्था पनि कानुनमा उल्लेख छ । त्यस्तै लुम्बिनी प्रदेशको कानुनमा पुनः दर्ता हुनुपर्ने व्यवस्थाअन्तर्गत 'प्रचलित नेपाल कानुनबमोजिम वा प्रदेश कानुनबमोजिम दर्ता भएको संस्थाले यस प्रदेश वा प्रदेशभित्रका कुनै पनि स्थानीय तहमा कार्यक्षेत्र बनाइ काम गर्न चाहेमा संस्थाको कार्यसमितिको निर्णयका साथमा आफू दर्ता भएको प्रमाणपत्र र संस्थाको विधानको एक प्रति संलग्न राखी यो ऐनबमोजिम दर्ता हुनुपर्नेछ’ भन्ने व्यवस्था गरिएको छ । यसरी प्रदेश १, वाग्मती र लुम्बिनी प्रदेशले स्वीकृति लिनुपर्ने विषयमा जे/जस्ता प्रावधान राखेका छन्, त्यसले सामाजिक संस्थालाई निरूत्साहित गर्न खोजेको देखिन्छ ।

तालिका ५ : सामाजिक संस्थासम्बन्धी प्रादेशिक कानुनमा स्वीकृति लिनुपर्ने झन्झट

| | |
|---|---|
| प्रदेश १ | ५ (१) स्वीकृति लिनुपर्ने : दफा ४ वमोजिम सूचीकृत हुने संस्थाले स्थानीय तहमा कुनै कार्यक्रम वा योजना सञ्चालन गर्नुपरेमा प्रचलित कानुनका अतिरिक्त मन्त्रालयको समेत पूर्वस्वीकृति लिन परिषद्मार्फत प्रस्ताव पेस गर्नुपर्नेछ ।<br><br>५ (९) : माथिका दफामा जुनसुकै कुरा लेखिएको भए पनि रू. १ करोड भन्दा माथि दश करोडसम्मको योजना सञ्चालनको स्वीकृति मन्त्रालयले र दश करोड भन्दा माथिको योजना सञ्चालनको स्वीकृति प्रदेश सरकारबाट लिनुपर्नेछ ।<br><br>३० (१) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्बन्धी व्यवस्थाः कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रचलित कानुनबमोजिम प्रदेशमा मन्त्रालयको स्वीकृति लिएर मात्र कार्य गर्नुपर्नेछ ।<br><br>३० (२) : उपदफा (१) बमोजिम पूर्वस्वीकृति लिइ कार्य गर्न चाहने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले साझेदार हुने संस्था छनोट गर्नुअघि तोकिएबमोजिमको ढाँचामा प्रदेश सरकारको पूर्वस्वीकृतिका लागि निवेदन र प्रस्ताव पेस गर्नुपर्नेछ ।<br><br>३० (३) : उपदफा (२) वमोजिम पेस हुने प्रस्तावको अध्ययन गरी प्रदेश सरकारले आवश्यक सर्तसहित पूर्वस्वीकृति दिन सक्नेछ ।<br><br>३० (७) : यस ऐन, प्रदेश सरकार वा मन्त्रालयको निर्देशनविपरित कार्य गरेको पाइएमा त्यस्तो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई दिइएको स्वीकृति प्रदेश सरकारले रद्द गर्न सक्नेछ । |

| | |
|---|---|
| वाग्मती | १७ स्वीकृति लिनुपर्ने : (१) यस ऐनबमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा दर्ता भएका संस्थाले आफ्नो कार्यक्षेत्रभित्र अनुसूचीमा उल्लेख भएअनुसारको रकमको काम गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनुपर्नेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ ।<br>(२) स्थानीय तहले स्वीकृति नदिएमा सोउपर आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ ।<br>(३) उपदफा १ बमोजिमको स्वीकृतिसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ । |
| लुम्बिनी | १७ पुनः दर्ता हुनुपर्ने : प्रचलित नेपाल कानुनबमोजिम वा प्रदेश कानुनबमोजिम दर्ता भएको संस्थाले यस प्रदेश वा प्रदेशभित्रका कुनै पनि स्थानीय तहमा कार्यक्षेत्र बनाइ काम गर्न चाहेमा संस्थाको कार्यसमितिको निर्णयका साथमा आफू दर्ता भएको प्रमाणपत्र र संस्थाको विधानको एक प्रति संलग्न राखी यो ऐनबमोजिम दर्ता हुनुपर्नेछ । |

## सरकारी निर्देशन मान्नुपर्ने बाध्यता

प्रदेश १ को कानुनमा 'परिषद्ले संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ' भन्ने उल्लेख गर्दै 'निर्देशन पालना नगर्ने संस्थाको हकमा तोकिएबमोजिम हुनेछ' भनी अमूर्त व्यवस्था गरिएको छ । अझ दफा २८ को (ख) मा प्रदेश सरकार वा मन्त्रालयले दिएको निर्देशन विपरित कार्य गरेमा स्वीकृति नै रद्द हुने व्यवस्था छ । यसका साथै सोही दफाको (ङ) मा यस ऐनबमोजिम बनेको आचारसंहिता पटक–पटक उल्लङ्घन गरेमा पनि स्वीकृति रद्द हुने प्रावधान छ ।

त्यस्तै मधेस प्रदेशको कानुनमा पनि 'प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ' भन्ने उल्लेख छ । दफा १३ को उपदफा २ (ग) मा यस ऐनबमोजिम दर्ता भएका संस्थाले प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा त्यस्तो संस्था खारेजसम्बन्धी कारबाहीका लागि संस्था दर्ता अधिकारीले समितिमा सिफारिस गर्न सक्ने व्यवस्था छ । सोही दफाको उपदफा (१ ग) मा 'यस ऐनबमोजिम दर्ता

भएका संस्थाले तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गरे/गराएकोमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्ने व्यवस्था पनि छ ।

वाग्मती प्रदेशले ल्याएको कानुनमा पनि 'प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने' उल्लेख छ । त्यस्तै दफा १३ को उपदफा २ (ग) मा 'प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्था खारेज गर्न सक्ने' व्यवस्था उल्लेख छ । लुम्बिनी प्रदेशको कानुनमा पनि 'मन्त्रालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने' उल्लेख छ । त्यस्तै दफा ११ को उपदफा ४ मा 'संस्था दर्ता अधिकारीको स्वीकृति नलिइ संस्थाको उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्ने' प्रावधान छ । यसरी प्रदेश १, मधेस, वाग्मती र लुम्बिनी सबै प्रदेशले सामाजिक संस्थालाई सरकारी पक्षले निर्देशन दिन सक्ने, त्यस्तो निर्देशन सम्बन्धित संस्थाले मान्नुपर्ने र नमानेको अवस्थामा दर्ता खारेजी नै हुने किसिमको समान प्रकृतिका प्रावधान राखेका छन् । यसले सामाजिक संस्थाले सरकारको निर्देशनअनुरूप काम गर्नुपर्ने अवस्था देखाएको छ । यस किसिमको प्रावधानका कारण सरकारले सामाजिक संस्थामाथि जुनसुकै वेला पनि हस्तक्षेप गर्न सक्ने देखिन्छ ।

तालिका ६ : सामाजिक संस्थासम्बन्धी प्रादेशिक कानुनमा सरकारी निर्देशन मान्नुपर्ने बाध्यता

| | |
|---|---|
| प्रदेश १ | ६ प्रतिवेदन दिनुपर्ने (२) : उपदफा १ बमोजिम प्रतिवेदनको अध्ययन गरी परिषद्ले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ र निर्देशन पालना नगर्ने संस्थाको हकमा तोकिएबमोजिम हुनेछ । |
| | २८ स्वीकृति रद्द गर्ने : (ख) प्रदेश सरकार वा मन्त्रालयले दिएका निर्देशन विपरित कार्य गरेमा,<br>(ङ) यस ऐनबमोजिम बनेको आचारसंहिताको पटक-पटक उल्लङ्घन गरेमा । |

| | |
|---|---|
| मधेस | १३ निलम्बन र खारेजी : (१) यस ऐनबमोजिम दर्ता भएका संस्थाले देहायका कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछ : (ग) तोकिएको कार्यक्षेत्र भन्दा वाहिर गई कार्य गरे/गराएकोमा । (२) यस ऐनबमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरे/गराएमा त्यस्तो संस्था खारेजसम्बन्धी कारबाहीको लागि संस्था दर्ता अधिकारीले समितिमा सिफारिस गर्न सक्नेछ : (ग) प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा ।<br>२० निर्देशन दिने : प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ । |
| वाग्मती | १३ निलम्बन र खारेजी : (२) (ग) प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा (संस्था दर्ता अधिकारीले त्यस्तो संस्था खारेज गर्न सक्नेछ ।)<br>२० निर्देशन दिने : प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ । |
| लुम्बिनी | ११ दण्ड सजाय : (४) दफा ७ बमोजिम संस्था दर्ता अधिकारीको स्वीकृति नलिइ, संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम/कारबाही गरेमा वा प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।<br>१४ निर्देशन दिने : मन्त्रालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ । |

## कर्मचारीको नियन्त्रण

प्रदेश नं. १ को कानुनमा संस्था दर्ता, अनुगमन, नियमन, समन्वय र प्रवर्द्धन गरी सुव्यवस्थित तरिकाले सामाजिक विकास कार्य सञ्चालन गर्न मन्त्रिपरिषद्ले सामाजिक विकास परिषद् स्थापना गर्न सक्ने उल्लेख गर्दै त्यसको बनावटको विषय उल्लेख छ । सामाजिक विकास कार्य हेर्ने मन्त्री वा राज्य मन्त्रीको

अध्यक्षतामा गठन हुने यस्तो परिषद्मा प्रदेश सरकारबाट नियुक्ति हुने उपाध्यक्ष, सामाजिक विकास हेर्ने प्रदेश योजना आयोगका सदस्य, मन्त्रालयका सचिव, आन्तरिक मामिला हेर्ने मन्त्रालयका अधिकृत, आर्थिक मामिला हेर्ने मन्त्रालयका वित्त हस्तान्तरण समिति हेर्ने महाशाखाका अधिकृत सदस्य रहने छन् । त्यस्तै समावेशी सिद्धान्तबमोजिम कम्तीमा २ जना महिला पर्ने गरी प्रतिष्ठित समाजसेवी र विज्ञहरूमध्येबाट प्रदेश सरकारद्वारा मनोनीत बढीमा ४ जना र सामाजिक विकास संस्थाहरूको प्रादेशिक सङ्गठनको प्रतिनिधित्व हुने गरी १ महिलासहित २ जना सदस्य रहने व्यवस्था छ । यसरी नियुक्त उपाध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि ४ वर्षको हुने तर निजको कार्य सन्तोषजनक नभएमा तोकिएको पदावधि अगावै प्रदेश सरकारले पद मुक्त गर्न सक्ने व्यवस्था पनि कानुनमा उल्लेख छ । मन्त्रीकै अध्यक्षतामा गठन हुने यस किसिमको परिषद्मा कर्मचारीहरूको बहुमत हुने कुराले सामाजिक संस्थाहरूलाई निजामती कर्मचारी प्रशासनको नियन्त्रणमा राख्न चाहेको देखिन्छ । अर्कोतर्फ उपाध्यक्ष र सदस्यहरूलाई प्रदेश सरकारले जुनसुकै बेला पनि हटाउन सक्ने प्रावधानलाई सकारात्मकरूपमा लिन सकिन्न ।

वाग्मती प्रदेशको कानुनमा पनि संस्थाले तोकिएको कार्य गरे/नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न समिति बनाउने व्यवस्था छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिवको अध्यक्षतामा गठन हुने यो समितिमा मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कानुन सचिव), आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, सामाजिक विकास मन्त्रालयका सचिव र सम्बन्धित विषयको १ जना विशेषज्ञ सदस्य रहने व्यवस्था गरिएको छ । कानुनमा उल्लिखित यस्ता प्रावधानले 'नागरिकको संस्थालाई कर्मचारीको नियन्त्रणमा राख्ने मनसाय देखिन्छ' (ढुङ्गेल, २०७८) ।

तालिका ७ : सामाजिक संस्थासम्बन्धी प्रादेशिक कानुनमा प्रशासनिक नियन्त्रणका प्रावधान

| | |
|---|---|
| प्रदेश १ | ७ परिषद्को स्थापना : (१) संस्था दर्ता, अनुगमन, नियमन, समन्वय र प्रवर्द्धन गरी सुव्यवस्थित तरिकाले सामाजिक विकास कार्य सञ्चालन गर्न मन्त्रिपरिषद्ले एक सामाजिक विकास परिषद् को स्थापना गर्न सक्नेछ ।<br>(२) : परिषद्मा देहायका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन् :<br>क) सामाजिक विकास कार्य हेर्ने मन्त्री वा राज्य मन्त्री - अध्यक्ष<br>ख) प्रदेश सरकारबाट नियुक्ति हुने उपाध्यक्ष - सदस्य<br>ग) सामाजिक विकास हेर्ने प्रदेश योजना आयोगका सदस्य - सदस्य |

| | |
|---|---|
| प्रदेश १ | घ) मन्त्रालयका सचिव - सदस्य<br>ङ) आन्तरिक मामिला हेर्ने मन्त्रालयका अधिकृत प्रतिनिधि - सदस्य<br>च) आर्थिक मामिला हेर्ने मन्त्रालयका वित्त हस्तान्तरण समिति हेर्ने महाशाखाका अधिकृत प्रतिनिधि - सदस्य<br>छ) समावेशी सिद्धान्तबमोजिम कम्तीमा दुई जना महिला पर्ने गरी प्रतिष्ठित समाजसेवी र विज्ञहरूमध्येबाट प्रदेश सरकारद्वारा मनोनीत बढीमा चार जना - सदस्य<br>ज) सामाजिक विकास संस्थाहरूको प्रादेशिक सङ्गठनको प्रतिनिधित्व हुने गरी एक महिलासहित दुई जना - सदस्य<br>झ) मन्त्रालयका सम्बन्धित महाशाखाका प्रमुख - सदस्य सचिव<br>३) उपाध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । तर निजको कार्य सन्तोषजनक नभएमा तोकिएको पदावधिअगावै प्रदेश सरकारले पद मुक्त गर्न सक्नेछ । त्यसरी पद मुक्त गर्नुअघि निजलाई सफाइ पेस गर्ने मौका दिइनेछ । |
| वाग्मती | १४ अनुगमन तथा मूल्याङ्कन : (१) यस ऐनबमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्य गरे/नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न देहायबमोजिमको समिति रहनेछ :<br>क) सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - अध्यक्ष<br>ख) सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कानुन) - सदस्य<br>ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य<br>घ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य<br>ङ) सम्बन्धित विषयको एक जना विशेषज्ञ - सदस्य<br>च) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - सदस्य सचिव |

## सम्पत्ति विवरण बुझाउनुपर्ने झन्झट

प्रदेश नं. १ को कानुनमा परिषद्सँग आबद्ध हुन चाहने संस्थाहरूले तोकिएबमोजिमको ढाँचामा परिषद्समक्ष निवेदन दिनुपर्ने र 'निवेदन दिने संस्थाहरूले निवेदनसाथ आफ्नो विधान, कार्यसमिति सदस्यहरूको नाम, पेसा, ठेगाना, संस्थाको प्रमुख पदमा बसेका पदाधिकारीहरूको सम्पत्ति विवरणसमेत पेस गर्नुपर्ने' व्यवस्था छ ।

'प्रमुख' पद भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव, कोषाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत भनी बुझ्नुपर्छ भनी व्याख्या पनि गरिएको छ । यसका साथै 'संस्थाको अध्यक्ष र कार्यकारी प्रमुख नियुक्त भएको मितिले साठी दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण परिषद्समक्ष पेस गर्नुपर्ने र त्यस्तो सम्पत्ति विवरण प्रत्येक वर्षको असार मसान्तभित्रमा परिषद्मा अद्यावधिक गराउनुपर्ने' व्यवस्था छ ।

तालिका ८ : सामाजिक संस्थासम्बन्धी प्रादेशिक कानुनमा सम्पत्ति विवरण बुझाउनुपर्ने झन्झटिलो प्रावधान

| | |
|---|---|
| प्रदेश नं. १ : | १४ परिषद्मा आबद्ध हुने : (१) परिषद्सँग आबद्ध हुन चाहने संस्थाहरूले तोकिएबमोजिमको ढाँचामा परिषद्समक्ष निवेदन दिनुपर्नेछ ।<br>(२) : उपदफा १ बमोजिम निवेदन दिने संस्थाहरूले निवेदनसाथ आफ्नो विधान, कार्यसमितिको सदस्यहरूको नाम, पेसा, ठेगाना, संस्थाको प्रमुख पदमा बसेका पदाधिकारीहरूको सम्पत्ति विवरणसमेत पेस गर्नुपर्नेछ ।<br>स्पष्टीकरण : 'प्रमुख' पद भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव, कोषाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत भन्ने बुझ्नुपर्छ ।<br>२४ संस्थाको कर्मचारीसम्बन्धी व्यवस्था : (४) संस्थाको अध्यक्ष र कार्यकारी प्रमुख नियुक्त भएको मितिले साठी दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण परिषद्समक्ष पेस गर्नुपर्नेछ र त्यस्तो सम्पत्ति विवरण प्रत्येक वर्षको असार मसान्तभित्रमा परिषद्मा अद्यावधिक गराउनुपर्नेछ । |

## दण्ड सजायमा कडाइ

मधेस प्रदेशको कानुनमा 'दर्ता नगराइ संस्था स्थापना गरेमा त्यस्तो संस्थाका कार्यसमितिको सदस्यहरूलाई संस्था दर्ता अधिकारीले ५ हजार रूपियाँदेखि ५० हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने' व्यवस्था छ । त्यस्तै 'नवीकरण नगरी संस्था सञ्चालन गरेमा त्यस्तो संस्थाका कार्यसमितिको सदस्यहरूलाई संस्था दर्ता अधिकारीले २ हजार रूपियाँदेखि ५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने' व्यवस्था छ । 'आर्थिक कारोबारको विवरण नपठाएमा त्यस्तो संस्थाका कार्यसमितिका सदस्यहरूलाई दर्ता अधिकारीले जनही ५ हजार रूपियाँदेखि १५

हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने' व्यवस्था पनि कानुनमा छ । हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले ५ हजार रूपियाँदेखि १५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने' व्यवस्था पनि मधेस प्रदेशको कानुनमा उल्लेख छ ।

वाग्मतीको प्रदेश संस्था दर्तासम्बन्धी कानुनी व्यवस्था गर्न बनेको ऐनमा चाहिँ 'दर्ता नगराइ संस्था स्थापना गरेमा वा दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्यसमितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही ५० हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो संस्थाको चलअचल सम्पत्ति र कागजपत्र जफत गर्न सक्ने' व्यवस्था छ । त्यस्तै 'लेखाको विवरण नपठाएमा कार्यसमितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही १५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने' व्यवस्था छ भने 'लेखा जाँच गर्ने सम्बन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले १५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने' कानुनी व्यवस्था गरिएको छ । प्रादेशिक कानुनमा रहेका यी प्रावधान सङ्घीय कानुनका भन्दा पनि बढी कडा किसिमका छन् ।

त्यस्तै लुम्बिनी प्रदेशको कानुनमा 'दर्ता नगराइ संस्था स्थापना गरेमा वा दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही १० हजार रूपियाँ जरिवाना गर्न सक्ने' व्यवस्था छ । 'आय-व्ययको विवरण नपठाएसम्म प्रबन्ध समितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही १ हजार रूपियाँ जरिवाना गर्न सक्ने' र 'आय-व्यय जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले २ हजार रूपियाँ जरिवाना गर्न सक्ने' व्यवस्था पनि कानुनमा उल्लेख छ ।

### तालिका ९ : सामाजिक संस्थासम्बन्धी प्रादेशिक कानुनमा दण्ड सजायको अवस्था

| | |
|---|---|
| मधेस प्रदेश | ११) दण्ड सजाय : (१) दफा ४ बमोजिम दर्ता नगराइ संस्था स्थापना गरेमा त्यस्तो संस्थाका कार्यसमितिको सदस्यहरूलाई संस्था दर्ता अधिकारीले पाँच हजार रूपियाँदेखि पचास हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । |

| | |
|---|---|
| मधेस प्रदेश | ११ (२) : दफा ६ बमोजिम नवीकरण नगरी संस्था सञ्चालन गरेमा त्यस्तो संस्थाका कार्यसमितिको सदस्यहरूलाई संस्था दर्ता अधिकारीले दुई हजार रूपियाँदेखि पाँच हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।<br><br>११ (३) : दफा ९ बमोजिम आर्थिक कारोवारको विवरण नपठाएमा त्यस्तो संस्थाका कार्यसमितिका सदस्यहरूलाई दर्ता अधिकारीले जनही पाँच हजार रूपियाँदेखि पन्ध्र हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।<br><br>११ (४) : दफा ११ को उपदफा ३ बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पाँच हजार रूपियाँदेखि पन्ध्र हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । |
| वाग्मती | १२ दण्ड सजाय : (१) दफा ४ बमोजिम दर्ता नगराइ संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्यसमितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही पचास हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो संस्थाको चलअचल सम्पत्ति र कागजपत्र जफत गर्न सक्नेछ ।<br><br>(२) दफा ९ बमोजिम लेखाको विवरण नपठाएमा कार्यसमितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही पन्ध्र हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।<br><br>(३) दफा ११ को उपदफा (२) बमोजिम लेखा जाँच गर्ने सम्बन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पन्ध्र हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । |

| | |
|---|---|
| लुम्बिनी | ११. दण्ड सजाय : (१) दफा ४ बमोजिम दर्ता नगराइ संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही दश हजार रूपियाँ जरिवाना गर्न सक्नेछ ।<br><br>(२) दफा ९ बमोजिम आय-व्ययको विवरण नपठाएसम्म प्रबन्ध समितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही एक हजार रूपियाँ जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेस गरेमा निजलाई सजाय गरिने छैन ।<br><br>(३) दफा १० को उपदफा (३) बमोजिम आय-व्यय जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले दुई हजार रूपियाँ जरिवाना गर्न सक्नेछ । |

# स्थानीय तहमा नागरिक संस्थासँग सम्बन्धित नीतिगत प्रबन्ध

देशमा सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्था अङ्गीकार गरिएको छ । सङ्घीयता कार्यान्वयनका लागि ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तह कायम गरिएको छ ।[४०] संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई कानुन निर्माणको अधिकार दिएको छ । तसर्थ, स्थानीय तहहरूले पनि नीति, नियम तथा कानुन निर्माण गर्ने तथा त्यसलाई कार्यान्वयनमा ल्याउन थालेका छन् । संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा (१) मा दिइएको अधिकार प्रयोग गर्दै स्थानीय तहहरूले संस्था दर्ता तथा नियमसम्बन्धी ऐन जारी गरेका छन् । यो संख्या ११२ पुगिसकेको छ । अन्य कैयौँ स्थानीय तह यो कानुन निर्माणको प्रक्रियामा छन् ।

अहिलेको संविधान जारी हुनु भन्दा अघि विकेन्द्रीकरण र स्थानीय सरकारसम्बन्धी विभिन्न कानुनी तथा नीतिगत प्रबन्ध थिए जुन गैसस, नागरिक संस्था र सिभिक स्पेसका बारेमा प्रभाव पार्ने किसिमका थिए । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ त्यसमध्ये एउटा हो जसको उद्देश्य स्थानीय निकायका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने रहेको छ । कार्यविधिले स्रोत परिचालनमा नागरिक समाजको भूमिकालाई आत्मसात गरेको छ । संविधान जारी भइसकेपछि सङ्घले जारी गरेको स्थानीय सरकार परिचालन ऐन २०७४ को विभिन्न दफामा स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह, वातावरण संरक्षण आदि कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक सङ्घ/संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन, त्यससँग समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ ।[४१] यस्तै गैरसरकारी सङ्घ/संस्था, उपभोक्ता समिति, सहकारी संस्थालगायतका सामाजिक तथा सामुदायिक सङ्घ/संस्थाले स्थानीय तहसँग समन्वयमा रही कार्य गर्नुपर्ने उल्लेख छ ।[४२]

स्थानीय तहले निर्माण गरेका संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन नागरिक संस्था र सिभिक स्पेससँग सरोकार राख्ने मुख्य कानुन हो । स्थानीय तहहरूमा विशेषज्ञता, स्रोत तथा अनुभवको कमीका कारण यस्ता कानुन समस्यामुक्त भने छैनन् । स्थानीय तहले निर्माण गरेका सङ्घ/संस्था दर्ता ऐन र त्यहाँ सिभिक स्पेसको अवस्थासम्बन्धी धेरैजसो स्थानीय कानुनमा सङ्घीय कानुनहरु कै नक्कलजस्तो भएको पाइएको थियो ।[४३]

४० नेपालको संविधान २०७२

४१ स्थानीय सरकार सञ्चालन ऐन २०७४

४२ Ibid

४३ पाण्डे, २०७८

सबैजसो स्थानीय तहले जारी गरेका संस्था दर्ता तथा नियमनसम्बन्धी ऐनमा आफ्नो क्षेत्रमा सङ्घ/संस्था खोल्न संस्था दर्ताको व्यवस्थालाई अनिवार्य गरेका छन् । स्थानीय अधिकारी वा स्थानीय तहले उचित नठानेमा संस्था दर्ताको लागि परेको निवेदन रद्द गर्न सक्ने व्यवस्था गरिएको छ । यसले स्थानीय अधिकारीको तजबिजमा संस्था दर्ता हुने वा नहुने अवस्था सिर्जना हुन सक्छ । ऐनहरूमा सम्बन्धित स्थानीय तहको क्षेत्रभित्र यसअघि संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका स्थानीय सङ्घ/संस्थाहरु स्थानीय निकायले जारी गरेको संस्था दर्ता तथा नियमनसम्बन्धी ऐनबमोजिम दर्ता भएको मानिने व्यवस्था छ । तर ती संस्थाले स्थानीय तहमा अभिलेखीकरण वा अद्यावधिक गर्नुपर्छ । स्थानीय तहले आफूले जारी गरेको ऐनमा भएको व्यवस्था सङ्घीय वा प्रदेश कानुनसँग बाझिएको हदसम्म स्वतः अमान्य वा निष्क्रिय हुनेछ ।

ती ऐनमा स्थानीय तहमा कार्यरत नागरिक संस्था र गैससले संस्थाको सञ्चालक समितिले निर्णयबाट संस्थाको उद्देश्य परिवर्तन गर्न वा दुई वा सोभन्दा बढी संस्थाहरु एकापसमा गाभ्न/गाभिन सक्ने व्यवस्था छ । त्यस्तै स्थानीय तहले आफ्नो क्षेत्रमा दर्ता भएका वा कार्यरत सङ्घ/संस्थालाई आवश्यक निर्देशन दिन सकिने र त्यसको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ भनिएको छ । तर त्यस्तो निर्देशन के/कस्ता विषयमा, केका आधारमा दिने भन्ने स्पष्ट छैन । यस कारण त्यस्ता निर्देशनहरु स्वविकेकीय वा स्वेच्छाचारी हुन सक्छन् । ऐनहरूमा स्थानीय तहले त्यहाँ सञ्चालनमा रहेका वा कार्यरत संस्थाहरूले प्रचलित कानुन, संस्थाको विधान, स्थानीय तहको संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन वा स्थानीय तहको निर्देशन पालना नगरेमा चर्को दण्ड जरिवाना वा सजाय गर्न सक्ने व्यवस्था छ । तर यस्तो रकम स्थानीय तहपिच्छे फरक–फरक छ । केही स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यक्षेत्र बनाएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सम्बन्धित स्थानीय तहबाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरेका छन् ।

समग्रमा, सङ्घीय सरकारले २०७५ सालमा सामाजिक संस्थाको स्थापना, दर्ता तथा सञ्चालनसम्बन्धी कानुनको संशोधन तथा एकीकरण गर्न सामाजिक संस्था सम्बन्धी विधेयक प्रस्तुत गरेको थियो । उक्त विधेयक सरोकारवालाहरूको चर्को विरोधका कारण अलपत्र परेको छ । सरकारले त्यसको विकल्पमा अर्को विधेयकको मस्यौदा प्रस्तुत गर्ने बताएको छ । यस्तो अवस्थामा, सोही विधेयकको केही पक्षको नक्कल गरेर स्थानीय तहहरूले धमाधम आफ्नो क्षेत्रभित्रका लागि संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन जारी गरी स्थानीय राजपत्रमा प्रकाशनसमेत गरिसकेका छन् । सङ्घीय कानुन नै निर्माण भइनसकेको अवस्थामा स्थानीय तहले उही विवादित

विधेयकका प्रावधानसँग मिल्दोजुल्दो प्रावधानसहित स्थानीय ऐन जारी गरेका छन् । यसले गर्दा सङ्घ/संस्थासम्बन्धी सङ्घीय ऐनका प्रावधानसँग स्थानीय तहका ऐनको व्यवस्था धेरै हदसम्म बाझिन सक्छ ।

संविधानको धारा ५१ उपधारा (ञ) १४ मा गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको स्थापना, नियमन तथा सञ्चालनका सम्बन्धमा 'एकद्वार नीति' अबलम्बन गरिने उल्लेख छ । तर स्थानीय तहका ऐनहरूमा सङ्घीय संस्था दर्ता ऐन २०३४ बमोजम दर्ता भएका संस्था पनि स्थानीय तहको ऐनअनुसार दर्ता गर्नुपर्ने वा अभिलेखीकरण गर्नुपर्ने व्यवस्था छ । गैसस र अन्तर्राष्ट्रिय गैससहरूले केन्द्रदेखि स्थानीय तहसम्म दर्ता, अभिलेखीकरण र प्रगति विवरण बुझाउनुपर्ने प्रावधान संविधानको उक्त प्रावधान र मर्मको प्रतिकूल हुने देखिन्छ । यस्ता व्यवस्थाले गैसस र अन्तर्राष्ट्रिय गैससको काम र सञ्चालन प्रक्रियालाई संविधानको मर्मअनुसार सहज र सरल बनाउने भन्दा पनि झन् प्रक्रियागत झन्झट बढाउने देखिन्छ ।

स्थानीय तहले आफ्नो क्षेत्रमा दर्ता भएका वा कार्यरत सङ्घ/संस्थालाई आवश्यक निर्देशन दिन सकिने र त्यसको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने भनिएको छ । तर त्यस्तो निर्देशन के/कस्ता विषयमा, कसरी, कसले दिने र केका आधारमा दिने भन्ने सम्बन्धमा स्थानीय ऐनहरू मौन छन् । यस्तो कानुनी प्रावधानले स्थानीय तहमा दर्ता भएका वा हुने संस्थाहरूमाथि स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूले स्वेच्छाचारी फर्मान जारी गर्न सक्ने र सङ्घ/संस्थाहरू मातहतका निकाय जस्तो हुन सक्ने जोखिम छ । कतिपय संस्थाले स्थानीय तहकै गतिविधि र क्रियाकलापका बारेमा आलोचनात्मक दृष्टिकोण राख्नुपर्ने, उनीहरूका निर्णयविरूद्ध उभिनुपर्ने वा नागरिकका हक अधिकारका लागि पैरवी गर्नुपर्ने हुन सक्छ । तर यस्तो नियन्त्रणमुखी कानुनी प्रावधानले संस्थाहरूलाई स्वतन्त्रतापूर्वक र संस्थाको उद्देश्यबमोजिम काम गर्न बाधा पुऱ्याउनेछ ।

स्थानीय तहले जारी गरेको सबैजसो संस्था दर्ता तथा नियमनसम्बन्धी ऐनमा चर्को शुल्क र जरिवानाको व्यवस्था गरिएको छ । संस्थाहरूले प्रचलित कानुन, संस्थाको विधान, स्थानीय तहको संस्था दर्तासम्बन्धी ऐन तथा निर्देशन पालना नगरेमा दण्ड जरिवाना वा सजाय गर्न सक्ने व्यवस्था छ । शुल्क, जरिवाना वा कारबाही चित्त नबुझेमा पुनरावेदन गर्न सकिने व्यवस्था छ । यद्यपि स्थानीय तहकै समितिमा पुनरावेदन गर्ने व्यवस्था भएकाले जुन निकायले कारबाही गरेको हो वा जसको निर्णयविरूद्ध त्यही निकायकै समितिमा पुनरावेदन गर्दा न्याय नपाइन सक्छ । समग्रमा, संस्था दर्ता तथा नियमन सम्बन्धमा स्थानीय तहहरूले आफूखुसी र

जस्तो मन लाग्यो त्यस्तै ऐनहरु निर्माण गरिरहेका छन् । तसर्थ स्थानीय तहपिच्छे यस्ता ऐनको नाम पनि फरक–फरक पाइएको छ । कुनै पनि ऐन सबै किसिमका संस्थाहरूको दर्ता, सञ्चालन र समग्र नियमनका लागि पर्याप्त देखिँदैन । यस्ता कानुन निर्माणको चरणमा सरोकारवालाहरूसँग आवश्यक परामर्श र छलफल भएकोसमेत देखिँदैन ।

# निष्कर्ष र सुझाव

## निष्कर्ष

राज्यले नागरिक संस्था र गैसस, अन्तर्राष्ट्रिय गैससलाई विकास साझेदार मानेको छ । तर नागरिक संस्था, नागरिक समाज र गैसस हाम्रो सन्दर्भमा सरकार र राज्यको वाचडग पनि हो जुन सरकार र राज्यले आत्मसात गरेको देखिँदैन । बाह्य र दातृ निकायको सहयोगमा सरकार र राज्यको आलोचना गर्ने भनेर नागरिक समाजप्रति सङ्कुचित बुझाइ राखिएको बुझिन्छ । संविधानले नै नागरिक समाज, सङ्घ/संस्था स्थापना र समग्र सिभिक स्पेसको भूमिकालाई मौलिक हकद्वारा सुनिश्चित गरिए पनि सरकारले यसको नियमनचाहिँ संविधानमा उल्लिखित राज्यको नीतिको एउटा बुँदालाई आधार मानेर गर्न खोजेको कतिपय नीतिगत प्रबन्ध, निर्णय र कार्यविधिबाट देखिन्छ । मौलिक हकले सुनिश्चित गरेका अधिकारलाई राज्यको नीतिले सङ्कुचित गर्न मिल्दैन । नागरिक संस्था र गैससको भूमिका सचेतना फैलाउने, अधिकारको माग र कानुन बनाउन पैरवी पनि गर्ने भएकाले वैदेशिक सहायता र अन्तर्राष्ट्रिय गैससको भूमिका र कार्यक्रमलाई पूर्वाधार र बजेटमार्फत मात्र सीमित गर्नु मुनासिव हुँदैन ।

नागरिक संस्था र गैसस पनि स्वतन्त्र, निष्पक्ष र मुद्दामा आधारित हुनुपर्नेमा राजनीतिक दलहरू, वैचारिक आस्था र दाताको निर्देशनमा काम गर्ने गरेको आरोप पनि मिथ्या होइन । सरकारको काम/कारबाहीमाथि प्रश्न उठाउने, सरकारलाई पारदर्शी र जवाफदेही बनाउन सकारात्मक दबाब दिने नागरिक संस्था, गैससहरू आफैँ आर्थिक र अन्य कार्यहरूका बारेमा अपारदर्शी रहने गरेको भनेर आलोचना पनि हुने गर्छ । यस पृष्ठभूमिमा कतिपय नीतिहरू नागरिक संस्था र सिभिक स्पेसप्रति अलि अनुदार भएको पाइन्छ । देशभर हजारौँको सङ्ख्यामा छरिएर रहेका नागरिक संस्था, गैसस र नागरिक समाजलाई राम्रोसँग नियमन गर्न एउटा बृहत्तर नीति जरूरी छ भन्नेमा शङ्का छैन । तर नियमनको नाउँमा उनीहरूका गतिविधिलाई सङ्कुचित गर्ने, फरक मत र आलोचनालाई दबाउने र कठोर दण्ड सजायको व्यवस्था राख्नुहुँदैन । सङ्घकै बुझाइ र दृष्टिकोण एवं कानुनी प्रबन्ध विवादित बनिरहेको सन्दर्भमा प्रदेश र स्थानीय तहहरूले पनि त्यसैको नक्कल गर्न खोज्नु गलत छ । बृहत्तर छलफल, परामर्श र सरोकारवालाहरूको सहमतिबाट मात्र नागरिक संस्था, गैसस वा सिभिक स्पेसलाई नियमन गर्नेसम्बन्धी कानुन तथा नीतिहरू तय गर्न सकिन्छ ।

## सुझाव

- विधेयकको मस्यौदासहित समग्र नीति निर्माणको प्रक्रिया नै सरोकारबीचको बृहत्तर छलफल र परामर्शमा आधारित हुनुपर्छ ।
- नागरिक संस्थाको दर्ता, नवीकरण, स्रोत व्यवस्थापन तथा परिचालनलगायत समग्र नियमन प्रक्रिया सरल, र कम झन्झटिलो बनाइनुपर्छ । दर्ता, नवीकरण, स्रोत प्राप्तिलगायतका विषयमा स्थानीय अधिकारीहरूलाई स्वविवेकीय अधिकार दिइनु हुँदैन ।
- नागरिक संस्थाहरूलाई स्रोत प्राप्तिको विवरण सरकारलाई जानकारी गराउन अनिवार्य गर्न सकिन्छ तर स्रोत प्राप्तिपूर्व अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्था हटाउनुपर्छ ।
- सिभिक स्पेससम्बन्धी यावत नीतिहरू संविधानको मौलिक हकमा उल्लिखित व्यवस्था, मानव अधिकारको विश्वव्यापी घोषणापत्र र आइसिसिपिआरलगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता र मान्यताका आधारमा तय गरिनुपर्छ ।
- नीतिहरू नागरिक संस्थाले गर्दै आएका अधिकारसम्बन्धी कार्यक्रम र पैरवीसम्बन्धी गतिविधिलाई नियन्त्रण गर्ने हेतुले निर्माण गरिनुहुँदैन । यसको निर्माणका क्रममा सरोकारवालाहरूसँग व्यापाक परामर्श, छलफल र सकेसम्म सहमति गर्न जरूरी छ । नीति निर्माण प्रक्रिया स्वतन्त्र, खुला र पारदर्शी हुनुपर्छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले आफू कार्यरत स्थानीय तहबाट पनि सञ्चालनार्थ स्वीकृति लिनुपर्ने र प्रगति विवरण बुझाउने प्रावधान हटाउन सकिन्छ । केन्द्रबाट नै ती कार्य गरिने हुनाले त्यसलाई प्रादेशिक र स्थानीय तहमा दोहोऱ्याइराख्नु आवश्यक छैन ।
- संस्था दर्ताका लागि आवश्यक सदस्यहरूका रूपमा एकाघरका परिवारबाट एक भन्दा बढी सदस्य हुन नहुने व्यवस्था गर्न सकिन्छ ।

- संस्था दर्ता गर्न उचित छ कि छैन भन्ने निर्णय गर्ने अधिकार स्थानीय अधिकारी वा दर्ता अधिकारीको विवेक र तजविजीमा छोडनु भन्दा संस्था दर्ता तथा नियमनसम्बन्धी नियमावली वा अन्य कार्यविधि जारी गरी स्पष्टरूपमा खुलाउन सकिन्छ ।
- वार्षिकरूपमा संस्था नवीकरण गर्नुपर्ने प्रावधानलाई हटाएर संस्थाले चाहेमा एकै पटक ३ वा ५ वर्षका लागि आवश्यक शुल्क तिरी नवीकरण गर्न सकिने व्यवस्था गर्न सकिन्छ ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा दर्ता भएका वा कार्यरत सङ्घ/संस्थालाई आवश्यक निर्देशन दिन सकिने र त्यसको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने भन्ने प्रावधानलाई ऐन वा कार्यविधिमा स्पष्टरूपमा उल्लेख गर्न सकिन्छ । नागरिक संस्थालाई संस्थाको उद्देश्यअनुसार स्थानीय तहका गतिविधिको आलोचना गर्ने, नागरिकका हक अधिकारका लागि पैरवी गर्न प्रोत्साहित गर्नुपर्छ । नीति निर्माण गर्दा यो कुरामा ध्यान दिनुपर्छ ।
- संस्था दर्ता, नवीकरण, जरिवाना, दण्डका नाममा चर्को शुल्क र जरिवानालाई कम गर्न र सबै स्थानीय तहमा एकरूपता कायम गर्न सकिन्छ । संस्थाको सम्बन्धमा स्थानीय अधिकारी वा निकायले गरेको निर्णय चित्त नबुझेमा स्थानीय तहकै समितिमा पुनरावेदन गर्ने व्यवस्था हटाएर जिल्ला अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था गर्नुपर्छ ।
- संस्था दर्ता तथा नियमन सम्बन्धमा स्थानीय तहहरूले आफूखुसी र जस्तो मन लाग्यो त्यस्तै ऐनहरू निर्माण गर्न मिल्दैन । सबै पक्षलाई विचार गरेर तथा सबै सरोकारवालासँगको सघन छलफलबाट मात्र यस्ता कानुन निर्माण गर्नुपर्छ ।

# सन्दर्भ सामग्री


ढुङ्गेल, विनोद (२०७८) । वागमतीमा नागरिक स्वतन्त्रता र आमसंचारको हक : कानुनको गाँठो कस्दै प्रदेश र स्थानीय तह । नीति पत्रः सेन्टर फर मिडिया रिसर्च–नेपाल ।

नेपालको संविधान (२०७२)। उपलब्ध, https://ag.gov.np/files/Constitution-of-Nepal_2072_Eng_www.moljpa.gov_.npDate-72_11_16.pdf

पराजुली, लोकरञ्जन र अरू, (२०७७, माघ २८)। के हो नागरिक समाज? के हुन् यसका शक्ति र सीमा ? हिमाल खबरपत्रिका। उपलब्ध, https://www.himalkhabar.com/news/122161

पाण्डे, लेखनाथ (२०७७)। पैरवी स्रोत पुस्तिका, पैरवीः के, किन र कसरी? एफएचआई, ३६०।

पाण्डे, लेखनाथ (२०७८)। नेपालको साइबरस्पेसमा व्यक्तिगत स्वतन्त्रताः विचार। नीतिपत्र श्रृंखला (२६)। सेन्टर फर मिडिया रिसर्च नेपाल । उपलब्ध, https://bit.ly/3VOVEMC

राष्ट्रिय सदाचार नीति (२०७४)। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय। उपलब्ध, https://bit.ly/3XUFnHM

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७५)। लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता, स्रोत पुस्तिका । उपलब्ध, htttps://www.fhi360.org/sites/default/files/media/documents/resource-civic-engagement-democratic-governance-nepali.pdf

पोखरेल, सन्तोष (२०७९)। गण्डकी प्रदेश : कानून निर्माणमा प्रेस तथा नागरिक स्वतन्त्रताको अवस्था । नीतिपत्र। सेन्टर फर मिडिया रिसर्च–नेपाल ।

गौतम, दिनेश (२०७९)। कर्णाली प्रदेशको नीति निर्माणमा नागरिक अधिकारको अवस्था । नीतिपत्र । सेन्टर फर मिडिया रिसर्च–नेपाल ।

British Council (2019). Civil Society in Federal Nepal: A Landscape Study. Retrieved on 1 July 2022 from https://www.britishcouncil.org.np/sites/default/files/nepal_cso_landsape_study_final_report.pdf

CIVICUS. Monitor Tracing Civil Space. Retrieved on 21 June 2022 from https://monitor.civicus.org/whatiscivicspace/

International Center for Not-for-profit Law (2021). Legal Framework for Civic Space: A Practical Toolkit. Retrieved on 10 June 2022 from https://www.undp.org/sites/g/files/zskgke326/files/2021-12/UNDP-ICNL-Legal-Framework-for-Civic-Space-A-Practical-Toolkit-EN.pdf

Julia Keutgen & Sarah Dodsworth (2021). Addressing the global emergency of shrinking civic space and how to reclaim it: A programming guide. Westminster Foundation for Democracy, London Retrieved on 3 July 2022 from https://www.wfd.org/sites/default/files/2021-11/Civic-space-v1-1%281%29.pdf

Kharel, Pranab & KC, Gaurav (2022). Making Sense of Nepali Politics. Himal SouthAsian. https://www.himalmag.com/making-sense-of-nepali-politics-2022/

Pandey, Lekhanath (2021). Shrinking Civic Space: Drafting CSOs Policies in Nepal. Retrieved on 15 June 2022 from https://nepalpolicy.org/wp-content/uploads/2021/10/Discussion-Paper-Shrinking-of-Civic-Space-Federal.pdf

Pokharel, Anupraj (2016). A Critique on proposed Social Welfare and Development Act, 2073. Retrieved on 3 July 2022 from http s://www.linkedin.com/pulse/critique-proposed-social-welfare-development-act-2073-pokhrel/

Pradhan, Tika Ram (2018).'Integrity policy draft draws NGOs' flak'. The Kathmandu Post. Retrieved on 13 June 2022 from http://kathmandupost.ekantipur.com.np/news/2018-04-15/ integrity-policy-draft-draws-ngos-flak.html

Singh, Ritika; Paudel, Shambhawi; Thapa, Sudeshna; & Baniya Jeevan (2020). Civil Space in Nepal. Retrieved on 22 June 2022 from https://thesouthasiacollective.org/wp-content/uploads/2020/12/SASM2020-Nepal.pdf

The International Development and Cooperation Policy (2019). The Ministry of Finance, Government of Nepal. Retrieved on 3 July 2022 from https://mof.gov.np/uploads/document/file/print_copy_IDCMP-2019_Eng-fullpage_20191107071739.pdf

UNDP (2006). UNDP and Civil Society Organization: A Toolkit for Strengthening Partnerships. Retrieved on 10 June 2022 from https://sustainabledevelopment.un.org/content/documents/2141UNDP%20and%20Civil%20Society%20Organizations%20a%20Toolkit%20for%20Strengthening%20Partnerships.pdf

Upreti, Uttam (2011). Democracy and Civil Society: A Reflection on the Legal Framework for Civil Society in Nepal. International Journal of Non-Profit-Law, Vol. 13 (3). Retrieved on 23 July 2022 from https://www.icnl.org/resources/research/ijnl/a-reflection-on-the-legal-framework-for-civil-society-in-nepal?fbclid=IwAR04cFhvu1X_hdr3GIbuK3ZPxJSHEUTj7WvU9L5gRi4lIrMilVO7yiEunNE

USAID, ICNL & FHI 360 (2017). Assessment of the Legal Environment for Civil Society and Media in Nepal. Retrieved on 1 July 2022 from https://www.icnl.org/wp-content/uploads/our-work_Nepal-Assessment_Final_June26.pdf

# अनुसूची १

नेपालको संविधानको भाग ३ मा नागरिकका ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । ती मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनी संरचना र स्रोत-साधनको व्यवस्था गर्न सिभिक स्पेसको भूमिका जरूरी हुन्छ । ती मौलिक हक कार्यान्वयनसँग सम्बन्धित कतिपय कानुनहरु निर्माण भइसकेको छ । ती कानुन कार्यान्वयनका लागि पनि सिभिक स्पेस र नागरिक समाजले बहस, पैरवी, अभियान र आन्दोलन गर्नुपर्ने हुन सक्छ । संविधानमा उल्लिखित मौलिक अधिकारहरु यहाँ उल्लेख गरिन्छ :

मौलिक हक (भाग ३)

धारा १६ : सम्मानपूर्वक बाँच्न पाउने हक

धारा १७ : स्वतन्त्रताको हक

धारा १८ : समानताको हक

धारा १९ : सञ्चारको हक

धारा २० : न्यायसम्बन्धी हक

धारा २१ : अपराधपीडितको हक

धारा २२ : यातनाविरूद्धको हक

धारा २३ : निवारक नजरबन्दविरूद्धको हक

धारा २४ : छुवाछूत तथा भेदभावविरूद्धको हक

धारा २५ : सम्पत्तिको हक

धारा २६ : धार्मिक स्वतन्त्रताको हक

धारा २७ : सूचनाको हक

धारा २८ : गोपनीयताको हक

धारा २९ : शोषणविरूद्धको हक

धारा ३० : स्वच्छ वातावरणको हक

धारा ३१ : शिक्षासम्बन्धी हक

धारा ३२ : भाषा तथा संस्कृतिको हक

धारा ३३ : रोजगारीको हक

धारा ३४ : श्रमको हक

धारा ३५ : स्वास्थ्यसम्बन्धी हक

धारा ३६ : खाद्यसम्बन्धी हक

धारा ३७ : आवासको हक

धारा ३८ : महिलाको हक

धारा ३९ : बालबालिकाको हक

धारा ४० : दलितको हक

धारा ४१ : ज्येष्ठ नागरिकको हक

धारा ४२ : सामाजिक न्यायको हक

धारा ४३ : सामाजिक सुरक्षाको हक

धारा ४४ : उपभोक्ताको हक

धारा ४५ : देश निकालाविरूद्धको हक

धारा ४६ : संवैधानिक उपचारको हक

धारा ४७ : मौलिक हकको कार्यान्वयन

धारा ४८ : नागरिकको कर्तव्य

## अनुसूची २

सिभिक स्पेसका सान्दर्भिक केही अन्तर्राष्ट्रिय तथा बहुपक्षीय कानुनी तथा नीतिगत दस्ताबेजहरु निम्न उल्लिखित छन् । यस्ता प्रावधान र व्यवस्थाले संसारभर सिभिक स्पेस र विशेषगरी नागरिक समाज, नागरिक संस्था र नागरिकलाई सामाजिक न्याय, सुशासन, स्रोतको न्यायोचित वितरण र सेवामा समान अवसरका लागि बहस, पैरवी र वकालत गर्न आधारशीला तय गर्नुका साथै प्रोत्साहित पनि गर्छन् ।

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (UDHR)
- नागरिक तथा राजनीतिक अधिकारका लागि अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ (ICCPR)
- आदिवासी/जनजातिहरूको अधिकारसम्बन्धी अभिसन्धि (ILO, 169)
- महिलाविरूद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्नेसम्बन्धी अभिसन्धि, १९७९ (CEDAW)
- सबै प्रकारका जातिभेद/रङ्गभेद अन्त्य गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ (CERD)

- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (CESCR)
- भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि २००३
- अन्तर्राष्ट्रिय अपराध अदालतसम्बन्धी रोम विधान १९९८
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अभिसन्धि, २००६ (CRPD)
- दासताविरूद्धको अभिसन्धि १९२६
- मानव अधिकार रक्षकहरूसम्बन्धी घोषणापत्र, १९९८
- महिलाको राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९५३
- बाल अधिकारसम्बन्धी अभिसन्धि १९८९
- जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय ढाँचा अभिसन्धि (framework convention), १९९२
- जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय ढाँचा अभिसन्धिका लागि क्योटो प्रोटोकल (Kyoto protocol), १९९७
- महिला र पुरूषका लागि समान कामका लागि समान ज्यालासम्बन्धी अभिसन्धि, १९५१ (ILO Convention, 100)

## अनुसूची ३

प्रदेश नं. १ : सामाजिक विकास संस्था विधेयक, २०७५मा रहेका समस्याहरू

| | |
|---|---|
| प्रस्तावना | सामाजिक विकास कार्यमा संलग्न संस्थाहरूको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको नियमन गर्न तथा प्रादेशिक प्राथमिकताका क्षेत्रमा कार्य गर्न सामाजिक संस्थाहरूलाई प्रोत्साहन गर्न कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, |
| ३) दर्ता गर्नुपर्ने | यो ऐन प्रारम्भ भएपछि प्रदेश नम्बर १ मा स्थापना हुने कुनै पनि संस्था स्थानीय तहमा दर्ता गर्नुपर्नेछ । ...तर, एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाहरूको दर्ता परिषद् मा वा परिषद् स्थापना नभएसम्म मन्त्रालयले तोकेको दर्ता अधिकारीसमक्ष गर्नुपर्नेछ । |

| | |
|---|---|
| ४ (१) सूचीकृत हुनुपर्ने | प्रदेशमा एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने गरी कार्यक्षेत्र तोकिएका वा कार्यरत सबै संस्थाहरू यो ऐन लागु भएको मितिले एक वर्षभित्र तोकिएवमोजिम परिषद्मा अनिवार्य सूचीकृत हुनुपर्नेछ र यस दफाबमोजिम सूचीकृत नभएमा त्यस्तो संस्थालाई कुनै पनि कार्यक्रम सञ्चालन गर्न अनुमति दिइने छैन । |
| ४ (३) | प्रदेशमा योजना वा कार्यक्रम सञ्चालन गर्न चाहने तर अन्य प्रदेशमा दर्ता भएको संस्थाले कार्यक्रम स्वीकृत हुनुपूर्व प्रदेशमा सूचीकृत हुनुपर्नेछ । |
| ५(१) स्वीकृति लिनुपर्ने | दफा ४ बमोजिम सूचीकृत हुने संस्थाले स्थानीय तहमा कुनै कार्यक्रम वा योजना सञ्चालन गर्नुपरेमा प्रचलित कानुनका अतिरिक्त मन्त्रालयको समेत पूर्वस्वीकृति लिन परिषद्मार्फत प्रस्ताव पेस गर्नुपर्नेछ । |
| ५(९) | माथिका दफामा जुनसुकै कुरा लेखिएको भए पनि रू. १ करोड भन्दा माथि १० करोडसम्मको योजना सञ्चालनको स्वीकृति मन्त्रालयले र १० करोड भन्दा माथिको योजना सञ्चालनको स्वीकृति प्रदेश सरकारबाट लिनुपर्नेछ । |
| ६ (१) प्रतिवेदन दिनुपर्ने | एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाले योजना कार्यान्वयनको कार्यतालिकाबमोजिमको प्रगति प्रतिवेदन प्रत्येक तीन महिनामा तोकिएको ढाँचामा परिषद्मा पेस गर्नुपर्नेछ । |
| ६ (२) | उपदफा १ बमोजिम प्रतिवेदनको अध्ययन गरी परिषद्ले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ र निर्देशन पालना नगर्ने संस्थाको हकमा तोकिएबमोजिम हुनेछ । |

| | |
|---|---|
| ७ (१) (२) (३) परिषद्को स्थापना | (१) संस्था दर्ता, अनुगमन, नियमन, समन्वय र प्रवर्द्धन गरी सुव्यवस्थित तरिकाले सामाजिक विकास कार्य सञ्चालन गर्न मन्त्रिपरिषद्ले एक सामाजिक विकास परिषद् स्थापना गर्न सक्नेछ ।<br>(२) परिषद्मा देहायका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहनेछन् :<br>क) सामाजिक विकास कार्य हेर्ने मन्त्री वा राज्य मन्त्री - अध्यक्ष<br>ख) प्रदेश सरकारबाट नियुक्ति हुने उपाध्यक्ष - सदस्य<br>ग) सामाजिक विकास हेर्ने प्रदेश योजना आयोगका सदस्य - सदस्य<br>घ) मन्त्रालयका सचिव - सदस्य<br>ङ) आन्तरिक मामिला हेर्ने मन्त्रालयका अधिकृत प्रतिनिधि - सदस्य<br>च) आर्थिक मामिला हेर्ने मन्त्रालयका वित्त हस्तान्तरण समिति हेर्ने महाशाखाका अधिकृत प्रतिनिधि - सदस्य<br>छ) समावेशी सिद्धान्तबमोजिम कम्तीमा दुई जना महिला पर्ने गरी प्रतिष्ठित समाजसेवी र विज्ञहरूमध्येबाट प्रदेश सरकारद्वारा मनोनीत बढीमा चार जना - सदस्य<br>सामाजिक विकास संस्थाहरूको प्रादेशिक सङ्गठनको प्रतिनिधित्व हुने गरी एक महिलासहित दुई जना - सदस्य<br>झ) मन्त्रालयका सम्बन्धित महाशाखाका प्रमुख - सदस्य सचिव<br>(३) उपाध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । तर निजको कार्य सन्तोषजनक नभएमा तोकिएको पदावधिअगावै प्रदेश सरकारले पद मुक्त गर्न सक्नेछ । त्यसरी पद मुक्त गर्नुअघि निजलाई सफाइ पेस गर्ने मौका दिइनेछ । |

| | |
|---|---|
| १४ (१), (२) | (१) परिषद्सँग आबद्ध हुन चाहने संस्थाहरूले तोकिएबमोजिमको ढाँचामा परिषद्समक्ष निवेदन दिनुपर्नेछ ।<br>(२) उपदफा १ बमोजिम निवेदन दिने संस्थाहरूले निवेदनसाथ आफ्नो विधान, कार्यसमितिका सदस्यहरूको नाम, पेसा, ठेगाना, संस्थाको प्रमुख पदमा बसेका पदाधिकारीहरूको सम्पत्ति विवरणसमेत पेस गर्नुपर्नेछ ।<br>स्पष्टीकरण : 'प्रमुख' पद भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव, कोषाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत भन्ने बुझ्नुपर्छ । |
| २४ | (४) संस्थाको अध्यक्ष र कार्यकारी प्रमुख नियुक्त भएको मितिले साठी दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण परिषद्समक्ष पेस गर्नुपर्नेछ र त्यस्तो सम्पत्ति विवरण प्रत्येक वर्षको असार मसान्तभित्रमा परिषद्मा अद्यावधिक गराउनुपर्नेछ । |
| २८ (ख) र (ङ) स्वीकृति रद्द गर्ने | (ख) प्रदेश सरकार वा मन्त्रालयले दिएका निर्देशन विपरित कार्य गरेमा,<br>(ङ) यस ऐनबमोजिम बनेको आचारसंहिता पटक-पटक उल्लङ्घन गरेमा । |
| ३० अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्बन्धी व्यवस्था | ( १) कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रचलित कानुनबमोजिम प्रदेशमा मन्त्रालयको स्वीकृति लिएर मात्र कार्य गर्नुपर्नेछ ।<br>२) उपदफा (१) बमोजिम पूर्वस्वीकृति लिइ कार्य गर्न चाहने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले साझेदार हुने संस्था छनोट गर्नुअघि तोकिएबमोजिमको ढाँचामा प्रदेश सरकारको पूर्वस्वीकृतिका लागि निवेदन र प्रस्ताव पेस गर्नुपर्नेछ ।<br>३) उपदफा (२) बमोजिम पेश हुने प्रस्तावको अध्ययन गरी प्रदेश सरकारले आवश्यक सर्तसहित पूर्वस्वीकृति दिन सक्नेछ ।<br>७) यस ऐन, प्रदेश सरकार वा मन्त्रालयको निर्देशनविपरित कार्य गरेको पाइएमा त्यस्तो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई दिइएको स्वीकृति प्रदेश सरकारले रद्द गर्न सक्नेछ । |

# अनुसूची ४

मधेस प्रदेश : संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेका समस्याहरू

| | |
|---|---|
| प्रस्तावना | सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिकलगायत सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन गर्न र त्यस्ता संस्थाहरूको क्रियाकलापालाई पारदर्शी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, |
| ३ (४) (५) (७) संस्था दर्ता गर्नुपर्ने | (४) अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्नेछ । (५) उपदफा २ र ४ बमोजिमको संस्थाले आफ्नो कार्यक्षेत्र रहेको स्थानीय तहमा काम गर्न चाहेमा सो कुराको जानकारी स्थानीय तहलाई गराउनुपर्नेछ र स्थानीय तहले पनि त्यस्तो संस्थाको अभिलेख राख्नुपर्नेछ । (७) यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । |
| ४ (२) | (२) उपदफा १ बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिएबमोजिमको वर्गीकरणको आधारमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । |
| ५ (२) नवीकरण गर्नुपर्ने | (२) नवीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । |

| | |
|---|---|
| ११) दण्ड सजाय | (१) दफा ४ बमोजिम दर्ता नगराइ संस्था स्थापना गरेमा त्यस्तो संस्थाका कार्यसमितिको सदस्यहरूलाई संस्था दर्ता अधिकारीले पाँच हजार रूपियाँदेखि पचास हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।<br>(२) दफा ६ बमोजिम नवीकरण नगरी संस्था सञ्चालन गरेमा त्यस्तो संस्थाका कार्यसमितिको सदस्यहरूलाई संस्था दर्ता अधिकारीले दुई हजार रूपियाँदेखि पाँच हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।<br>(३) दफा ९ बमोजिम आर्थिक कारोवारको विवरण नपठाएमा त्यस्तो संस्थाका कार्यसमितिका सदस्यहरूलाई दर्ता अधिकारीले जनही पाँच हजार रूपियाँदेखि पन्ध्र हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।<br>(४) दफा ११ को उपदफा ३ बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पाँच हजार रूपियाँदेखि पन्ध्र हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । |
| १३ निलम्बन र खारेजी | १ यस ऐनबमोजिम दर्ता भएका संस्थाले देहायका कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछ : (ग) तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गरे/गराएकोमा ।<br>(२) यस ऐनबमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरे/गराएमा त्यस्तो संस्था खारेजसम्बन्धी कारबाहीका लागि संस्था दर्ता अधिकारीले समितिमा सिफारिस गर्न सक्नेछ : (ग) प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा । |
| १६ (३) वैदेशिक सहयोग लिन सक्ने | (३) उपदफा १ बमोजिम प्राप्त गर्ने वैदेशिक सहयोग प्रदेश सरकारको बजेटमार्फत मात्र परिचालन हुनेछ । |
| २० निर्देशन दिने | प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ । |

# अनुसूची ५

वाग्मती प्रदेश : प्रदेश संस्था दर्ता सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको ऐनमा रहेका समस्याहरू

| | |
|---|---|
| ४ (३) | अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा वा कार्य विस्तार गर्न चाहेमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्नेछ । |
| ५ (३) | उपदफा २ बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक छानबिन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । |
| ५ (५) | उपदफा ४ बमोजिमको कागजात पेस गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनुपर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैँतीस दिनभित्र त्यस्तो निर्णयउपर एक तहमाथिको पदाधिकारीसमक्ष उजुर गर्न सक्नेछ । |
| ६ | यस ऐनबमोजिम दर्ता भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र तोकिएको दस्तुर बुझाइ नवीकरण गर्नुपर्नेछ । नवीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । |
| १२ (१) | दफा ४ बमोजिम दर्ता नगराइ संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्यसमितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही पचास हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो संस्थाको चल/अचल सम्पत्ति र कागजपत्र जफत गर्न सक्नेछ । |
| १२ (२) | दफा ९ बमोजिम लेखाको विवरण नपठाएमा कार्यसमितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही पन्ध्र हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । |

| | |
|---|---|
| १२ (३) | दफा ११ को उपदफा (२) बमोजिम लेखा जाँच गर्ने सम्बन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पन्ध्र हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । |
| १३ (२) ग | प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्था खारेज गर्न सक्नेछ ।) |
| १४ (१) | यस ऐनबमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्य गरे/नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न देहायबमोजिमको समिति रहनेछ ।<br><br>क) सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - अध्यक्ष<br><br>ख) सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कानुन) - सदस्य<br><br>ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य<br><br>घ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य<br><br>ङ) सम्बन्धित विषयको एक जना विशेषज्ञ - सदस्य<br><br>च) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - सदस्य सचिव |
| १७ (१)/२/३ | (१) यस ऐनबमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा दर्ता भएका संस्थाले आफ्नो कार्यक्षेत्रभित्र अनुसूचीमा उल्लेख भएअनुसारको रकमको काम गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनुपर्नेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ ।<br><br>(२) स्थानीय तहले स्वीकृति नदिएमा सोउपर आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ ।<br><br>(३)उपदफा १ बमोजिमको स्वीकृतिसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ । |

| | |
|---|---|
| १९ | यस ऐनबमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरूमा दर्ता भएका संस्थाहरूको विधानसहितको विवरण चौमासिकरूपमा मन्त्रालयमा पठाउनुपर्नेछ । |
| २० | प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ । |


## अनुसूची ६

लुम्बिनी प्रदेश : सङ्घ/संस्थाहरूको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेका समस्याहरू

| | |
|---|---|
| ४ संस्था दर्ता गर्नुपर्ने | (३) अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यस प्रदेशभित्रका कुनै जिल्ला वा स्थानीय तहमा काम गर्नुपरेमा यो ऐनबमोजिम दर्ता हुनुपर्नेछ । |
| | (४) उपदफा ३ बमोजिम दर्ता भएका संस्थाले आफूले काम गर्ने स्थानीय तहमा समेत सूचीकृत हुनुपर्नेछ । |
| | (५) उपदफा ४ बमोजिम सूचीकृत हुँदा संस्थाको विधान, दर्ता प्रमाणपत्रसमेत संलग्न राखी आफूले गर्ने कामको उद्देश्य र समुदायमा पर्ने प्रभावसमेत खुलाइ सूचीकृत हुन आवेदन गर्नुपर्नेछ । |
| ५. संस्था स्थापना गर्ने आधारहरू | (२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । |
| | (४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि मन्त्रालयले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गरिदिनुपर्नेछ । |
| ११. दण्ड सजाय | (१) दफा ४ बमोजिम दर्ता नगराइ संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही दश हजार रूपियाँ जरिवाना गर्न सक्नेछ । |


| | |
|---|---|
| | (२) दफा ९ बमोजिम आय-व्ययको विवरण नपठाएसम्म प्रबन्ध समितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही एक हजार रूपियाँ जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेस गरेमा निजलाई सजाय गरिने छैन । |
| | (३) दफा १० को उपदफा (३) बमोजिम आय-व्यय जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले दुई हजार रूपियाँ जरिवाना गर्न सक्नेछ । |
| | (४) दफा ७ बमोजिम संस्था दर्ता अधिकारीको स्वीकृति नलिइ, संस्थाको उद्देश्य हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ । |
| १४ निर्देशन दिने | मन्त्रालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ । |
| १७ पुनः दर्ता हुनुपर्ने | प्रचलित नेपाल कानुनबमोजिम वा प्रदेश कानुनबमोजिम दर्ता भएको संस्थाले यस प्रदेश वा प्रदेशभित्रका कुनै पनि स्थानीय तहलाई कार्यक्षेत्र बनाइ काम गर्न चाहेमा संस्थाको कार्यसमितिको निर्णयका साथमा आफू दर्ता भएको प्रमाणपत्र र संस्थाको विधानको एक प्रति संलग्न राखी यो ऐनबमोजिम दर्ता हुनुपर्नेछ । |

## सेन्टर फर मिडिया रिसर्च-नेपालका प्रकाशनहरू

























### थप जानकारीका लागि

नेपाल तथ्य जाँच
NepalFactCheck.org

Nepal: Civic Space Hub
nepalpolicy.org

Nepal: Media Policy Hub
mediapolicy.org.np